# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक २२२ | काठमाडौं | शुक्रबार, २६ मंसिर २०८२ | Prabhab National Daily | Friday, 12 December 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


# लिङ्देनलाई संस्थापनइतरपक्षको ऱ्याखऱ्याखती



- गणतन्त्र सुदृढीकरण गर्न पुष्पकमल दाहालको सरकारमा किन गएको ?
- संघीयताको विरोध गर्ने तर प्रदेश सभामुख र उपसभामुख बनाएर राप्रपाको छवि किन बिगारेको ?
- राजसंस्था र हिन्दुअधिराज्य पुनर्स्थापनाको आन्दोलन किन तुहाएको ?
- विधान मिचेर किन नेताहरूमाथि कारबाही गरेको ?
- केन्द्रीय समिति बैठकका किन राजनीतिक प्रतिवेदन पेस नगरेको ?

■ जेबी योञ्जन

**काठमाडौं–** राजसंस्थापक्षधर ठूलो शक्ति राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई गैरदरबारीया राजेन्द्र लिङ्देनले चार वर्ष हाँके । पार्टीको ३५ वर्षे जीवनमा उनी गैरखस-आर्य समुदायका पहिलो अध्यक्ष हुन् । उनै लिङ्देनको कार्यकाल राजनीतिक दृष्टिले असफल भएको टिप्पणी राप्रपामा हुन थालेको छ ।

लिङ्देन अध्यक्ष भएको २०७८ को मंसिरमा हो । उनीमाथि राजसंस्था र हिन्दुराष्ट्रपक्षधरले दिएका दुई कार्यभार थियो । पहिलो, अन्तिम राजा ज्ञानेन्द्रलाई नागार्जुनदेखि ल्याएर नारायणहिटी प्रवेश गराउनुपर्ने । दोस्रो, देशलाई फेरि हिन्दुअधिराज्य घोषणा गराउनुपर्ने ।

राजनीतिशास्त्रीहरूको विचारमा ज्ञानेन्द्रलाई नारायणहिटी प्रवेश गराउन राजनीतिक व्यवस्था उल्टिएकै हुनुपर्छ । त्यो भनेको गणतन्त्र फ्याँक्नैपर्छ । संघीयता मास्नैपर्छ । संवैधानिक राजसंस्थाको पुनर्स्थापना हुनुपर्छ । त्यसका लागि दलहरू र ज्ञानेन्द्रबीच राप्रपाकै शब्दमा भन्दा नवीन समझदारी हुनुपर्छ । त्यो व्यवस्था परिवर्तनको शान्तिपूर्ण मार्ग हो । वैकल्पिक मार्ग भनेको सडकबाट गणतन्त्रपक्षधर शक्तिहरूलाई घुँडा टेकाउनु हो । यसो हुँदा ज्ञानेन्द्रको नारायणहिटी प्रवेश सम्भव हुन्छ । अर्थात् कुनैबेला स्पेन, फ्रान्स र बेलायतमा जसरी नेपालमा राजसंस्था फर्किन्छ ।

दोस्रो कार्यभार पूरा गर्न पनि उल्लिखित मार्ग नै आवश्यक हुन्छ । त्यसबाहेक भूराजनीतिक स्वार्थको सम्बोधन अनिवार्य मानिन्छ । राप्रपाको संस्थापनइतर पक्षका अनुसार लिङ्देन यी कार्यभारहरू पूरा गर्न अक्षम भए । जारी केन्द्रीय समिति बैठकमा उनी यिनै विषयलाई लिएर आलोचनाको केन्द्रमा छन् ।

क्रमशः पृष्ठ २ मा

## पदाधिकारीले नै गरे बैठक बहिस्कार

राप्रपाको केन्द्रीय समिति बैठक वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री डा. धवलशम्शेर जबराले बहिस्कार गरेका छन् । उपाध्यक्षबाट हटाइएका नेता मुकुन्दश्याम गिरी, वरिष्ठ नेता हरिबहादुर बस्नेत, प्रवक्ताबाट हटाइएका नेता सगुनसुन्दर लावती पनि बैठकमा गएनन् ।

मिश्र तत्कालीन विवेकशील साझाबाट एउटा टिमसहित तीन वर्षअघि राप्रपामा समाहित भएका नेता हुन् । तर, निर्वाचन आयोगमा पेस गरिएको राप्रपाको विवरणमा उनी वरिष्ठ उपाध्यक्ष भएको अद्यावधिक छैन । यसलाई लिएर गत वर्षको माघमा बसेको बैठकमा उपाध्यक्ष विक्रम पाण्डेले लिङ्देनलाई सोधेका थिए, रवीन्द्र मिश्रहरूलाई किन सुकुम्बासी बनाएको ?'


क्रमशः पृष्ठ २ मा

# ओलीको 'सेकेन्डम्यान' बन्न विष्णु र शंकरबीच तीब्र प्रतिस्पर्धा

- ओलीपछिको नेता को बन्ने भन्ने विषयमा विष्णु पौडेल र महासचिव शंकर भण्डारीबीच तीब्र प्रतिस्पर्धा
- गुट व्यवस्थापनमा ओलीले पौडेललाई सरकारमा जाँदासमेत महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी दिँदै आएका छन्
- यता ओलीका विश्वासपात्र मानिएका शंकर पोखरेल पनि जसरी पनि ओलीपछिको नेता बन्ने दाउमा छन्







■ प्रभाव संवाददाता

**काठमाडौं–** नेकपा एमालेको ११औं महाधिवेशन भोलि भक्तपुरको सल्लाघारीमा उद्घाटन हुँदैछ । महाधिवेशनबाट नयाँ नेतृत्व चयनको तयारीमा रहेको एमालेमा अध्यक्षमाभन्दा पनि दोस्रो नेता को बन्ने विषयमा तीव्र प्रतिस्पर्धा हुने देखिएको छ ।

अध्यक्षमा केपी शर्मा ओली र ईश्वर पोखरेलबिच प्रतिस्पर्धा हुने पक्का भएको छ । प्रेस चौतारी नेपालले बिहीबार काठमाडौंमा आयोजना गरेको सम्पादकहरूसँगको संवाद कार्यक्रममा अध्यक्ष ओलीले भरसक सहमतिबाट नेतृत्व चयन गरिने बताए । नभए मतदानबाटै चुनिने ओलीको आशय थियो । 'म थपिनेवालामा पर्दिनँ, निरन्तरतासम्म हुनसक्छ, प्रतिनिधिले पत्याएनन् भने मेरो पनि हट्ने सम्भावना हुन सक्छ, लोकतान्त्रिक पार्टीमा आग्रह, जिद्दी र हठले हुँदैन, त्यस कारण सहमतिमा जाँदा मैले छाड्ने सहमति भयो भने पनि म हट्ने स्थिति बन्न सक्छ, अथवा प्रतिनिधिले साथ नदिए, भोट नदिए हट्ने सम्भावना हुन सक्छ', ओलीले भने ।

यसअघि वरिष्ठ उपाध्यक्ष पोखरेलले बुधबार कार्की बाङ्क्वेटबाट अध्यक्षमा उम्मेदवारी घोषणा गरेका थिए । अध्यक्षमा ओली र पोखरेलको भिडन्त पक्क भए पनि यो खासै रोचक नहुने एमाले नेताहरू बताउँछन् । मुल कारण धेरैजसो नेताहरू र प्रतिनिधिहरू ओलीको पक्षमा खुल्नु ।

बरु ओलीपछिको नेता को बन्ने भन्ने विषयमा विष्णु पौडेल र महासचिव शंकर भण्डारीबिच तीब्र प्रतिस्पर्धा हुने नेताहरू बताउँछन् । एमालेमा पौडेल शुरुबाटै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी पक्षमा खुल्दै आएका नेता हुन् । जसकारण गुट व्यवस्थापनमा ओलीले पौडेललाई सरकारमा जाँदासमेत महत्वपूर्ण मन्त्रालयको जिम्मेवारी दिँदै आएका छन् । यसपटक पौडेललाई मनाएकै कारण विद्रोही खेमा मत्थर भएको र भण्डारीले पार्टीको सदस्यता नपाउँदा ओलीलाई सहज भएको नेताहरू बताउँछन् ।

पौडेल महाधिवेशनको अन्तिम समयमा आइपुगेर ओली पक्षमा खुलेका हुन् । त्योसँगै कतिपयले पौडेल ओलीपछिको नेता बन्ने दौडमा रहेको बताइन्छ । विधान महाधिवेशनबाट फालेको वरिष्ठ उपाध्यक्ष पद पौडेलका लागि फेरि ब्युँताउने तयारीमा ओली पुगेका छन् ।

यता निवर्तमान सरकारमा रहँदा ओलीको खम्बा बनेर उभेका महासचिव पोखरेल पनि ओलीपछिको नेता बन्ने प्रतिस्पर्धामा छन् । सके महासचिवमै बसेर नभए वरिष्ठ उपाध्यक्षमा दाबी गरेर पोखरेल ओलीपछिको नेता बन्ने दाउमा छन् । दोस्रो नेता बन्न पौडेल र पोखरेलको प्रतिस्पर्धाले ओली अप्ठेरोमा परेकोसमेत बताइन्छ । यद्यपि ओली यसबारेमा खुलिसकेका छैनन् । पोखरेललाई च्याप्दा मत गुटको छिटा लाग्ने डर ओलीलाई छ भने पौडेललाई च्याप्दा मत घट्ने । त्यसैले ओलीले अन्तिम समयसम्म दुबै नेतालाई गलाउने रणनीति लिएको एमाले नेताहरू बताउँछन् ।

महासचिवमा को-को आकांक्षी ?

दोस्रो नेतापछि महासचिव को हुन्छन् बन्ने विषय पनि महत्वपूर्ण भएको एमाले नेताहरू बताउँछन् । एमालेमा अहिले ओली समूहमा महासचिव पोखरेल, पृथ्वीसुब्बा गुरुङ र प्रदीप ज्ञवालीले महासचिव बन्ने चाहना राखेका छन् । गुरुङ र ज्ञवालीको प्रतिस्पर्धा तीव्र रहेकोले ओलीले शंकर पोखरेललाई नै यो पदमा दोहोऱ्याउन चाहेको पनि बताइन्छ ।

यता ईश्वर समूहबाट भने योगेश भट्टराई महासचिवको उम्मेदवार बन्ने प्रबल सम्भावना छ । भट्टराई अघि नबढे गोकर्ण विष्ट वा सुरेन्द्र पाण्डेमध्येबाट महासचिवको उम्मेदवार बनाउने तयारी इश्वरले गरेका छन् । इतरसमूहमा पदाधिकारीका उम्मेदवारको सेट तयार गर्न इश्वर सुझाव लिने क्रममा छन् । इश्वर पोखरेल पछिल्लो समय मिडिया हाउसहरूमा पस्दै आफ्नो पक्षमा माहोल बनाइदिन आग्रह गर्न थालेका छन् ।

प्रतिनिधि काठमाडौं भित्रिएपछि मुख्यालयमा चहलपहल

राष्ट्रिय महाधिवेशन आउन नजिकिएसँगै ललितपुरको च्यासलस्थित केन्द्रीय कार्यालयमा चहलपहल बाक्लिएको छ । बिहानैदेखि पार्टी कार्यालयमा नेता तथा प्रतिनिधिले चहलपहल बढेको हो । नेता तथा कार्यकर्ता एकापसमा महाधिवेशनको नेतृत्वबारे छलफलमासमेत जुटेका छन् । पार्टी कार्यालयमा धेरैजसो युवा नेता दिनभरि नै भरिभराउ देखिन्छन् । एमाले केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारीले तीन-चार दिनदेखि पार्टी कार्यालयमा भिडभाड बढेको बताए ।

'बिहान ८ बजेदेखि पार्टी कार्यालयमा नेता र प्रतिनिधिको चहलपहल हुन्छ', अधिकारीले भने, 'काठमाडौं आएका प्रतिनिधिले एकापसमा पार्टी नेतृत्वबारे छलफल र उम्मेदवारका विषयमा छलफल गर्ने गरेका छन् ।'

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# १३ वर्षमा वैदेशिक रोजगारीमा पुगे ७६ लाख युवा

- यो १३ वर्षमा विदेशीनेमध्य २८ लाख ४० हजार २३ जना श्रम स्वीकृति नवीकरण गरेर विदेशीएको तथ्याङ्क छ
- श्रम गन्तव्य मुलुकमा रोजगारीको आकर्षण बढेपनि पछिल्लो दुई वर्षको तथ्याङ्क हेर्दा खाडी जानेहरु नै बढी
- पछिल्लो समय रोजगारीमा जाने महिलाको संख्या बढ्दो



तस्बीर एआईद्वारा निर्मित

■ प्रभाव संवाददाता

**काठमाडौं–** पछिल्लो १३ वर्षमा ७६ लाख भन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएका छन् । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बिहीवार जारी गरेको श्रम आप्रवासन प्रतिवेदन, २०२४काअनुसार सन् २०११/१२देखि २०२३/२४को अवधिमा ७६ लाख ३६ हजार ८२५ जना युवाहरू रोजगारीका लागि विदेशीएका हुन् ।

यो संख्या संस्थागत, व्यक्तिगत र श्रम स्वीकृति नवीकरण गरेर गएकाहरूको हो । यो १३ वर्षमा विदेशीनेमध्य २८ लाख ४० हजार २३ जना श्रम स्वीकृति नवीकरण गरेर विदेशीएको तथ्याङ्क छ । त्यस्तै, रोजगारीमा जानेमा पछिल्लो दुई आर्थिक वर्ष २०२२/२३ र २०२३/२४मा १५ लाख १५ लाख १२ हजार ६१६ जना छन् । जसमा एक लाख ५२ हजार ३०५ जना महिला छन् ।

प्रतिवेदनमा उल्लेख भएअनुसार कोरोना महामारीपछि वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिनेहरूको संख्या बढेको छ । यद्यपि सन् २०२२/२३ यता कामदारको माग बढे पनि जाने कामदारको संख्या भने कम देखिएको छ । सन् २०२२/२३मा पाँच लाख ८३ हजार ४५५ जना पुरुष श्रमिकको मागपत्र प्रमाणीकरण भएको थियो भने रोजगारीमा जानेहरू चार लाख ९४ हजार २१७ जना मात्र थिए । सोही वर्ष महिला कामदारका लागि ८३ हजार ७६२ वटा माग आएकोमा ४३ हजार ४९९ जनामात्र गएका थिए । त्यस्तै, सन् २०२३/२४मा पुरुष श्रमिकका लागि पाँच लाख ५० हजार ७४० वटा माग आएकोमा चार लाख ६० हजार १०२ जनामात्र गएका थिए । उक्त वर्ष ८८ हजार ८२५ जना महिलाको माग आएपनि ५९ हजार ५७७ जना मात्र गएका थिए ।

पछिल्लो समय रोजगारीमा जाने महिलाको संख्या भने बढ्दो छ । सन् २००८/०९मा रोजगारीमा जाने महिलाहरू ३.९ प्रतिशत मात्र थिए भने २०२३/२४मा आइपुग्दा बढेर १२.९ प्रतिशत पुगेको छ ।

### खाडीमै बढी कामदार

नयाँ श्रम गन्तव्य मुलुकमा रोजगारीको आकर्षण बढेपनि पछिल्लो दुई वर्षको तथ्याङ्क हेर्दा खाडी जानेहरू नै बढी छन् । २०२२/२३मा चार लाख १८ हजार ६८४ जना व्यक्तिगत, संस्थागत र श्रम स्वीकृति लिएर खाडीका छ वटा मुलुक गएका थिए । उनीहरू कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स (यूएई), ओमान, कुवेत र बहराइन गएका हुन् । उक्त वर्ष खाडीबाहेकका बाँकी सबै मुलुकमा जानेहरूको यस्तो संख्या तीन लाख ५२ हजार ६३५ थियो ।

क्रमशः पृष्ठ २ मा

**भिजिट भिसा प्रकरण**

# रमेश लेखक र दुवाडीलाई प्रतिवादी नबनाइ अख्तियारको आरोपपत्र

■ प्रभाव संवाददाता





- भिजिट भिसा प्रकरणमा पूर्वगृहमन्त्री लेखक र पूर्वगृहसचिव दुवाडीलाई अख्तियारले बनाएन विपक्षी, अनुसन्धान भने जारी
- सहसचिव तीर्थराज भट्टराईसहित अधिकृत यज्ञराज अर्याल, ग्रिनलाइन होलिडेका अध्यक्ष बालकृष्ण खड्का, फेमिली होलिडेका सञ्चालक दीपक भण्डारी, ग्रिनलाइन सञ्चालक राम खड्का, सहायक कविता पौडेल, जग्गा कारोबारी खेम सुवेदीविरूद्ध मुद्दा दायर
- भट्टराईसहित कविता पौडेल र खेम सुवेदीमाथि सम्पत्ति शुद्धीकरण मुद्दा पनि दायर

काठमाडौं- भिजिट भिसा प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पूर्वगृहमन्त्री रमेश लेखक र पूर्वगृहसचिव गोकर्णमणि दुवाडीलाई विपक्षी नबनाइ भ्रष्टाचारको आरोपत्र दायर गरेको छ ।

विशेष अदालतमा बिहीबार दायर आरोपपत्रमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयका तत्कालीन प्रमुख एवम् सहसचिव तीर्थराज भट्टराईसहित छ जनालाई भने विपक्षी बनाएको छ ।

जबकि, यो प्रकरणमा पूर्वगृहमन्त्री लेखकको सचिवालय मुछिएको छ । प्रतिनिधिसभा विघटनअघि तत्कालीन विपक्षी दलहरू नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र राप्रपाले लेखकको राजीनामा मागेका थिए । लेखकलाई छानबिनका लागि तत्काल पक्राउ गर्न पनि सरकारमाथि दबाब दिए । लेखकको दल कांग्रेसकै कतिपय तत्कालीन सांसदहरूले राजीनामा दिन माग गरे । तर, लेखकले दिएनन् । उल्टै तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उनलाई 'क्लिन चिट' दिएका थिए ।

पूर्वगृहसचिव गोकर्णमणि दुवाडीमाथि पनि त्यसबेला छानबिनको माग उठेको थियो । यद्यपि, उनीमाथि छानबिनसम्म भएन । बिहीबार अख्तियारले उनै पूर्वगृहमन्त्री लेखक र पूर्वगृहसचिव दुवाडीलाई भिजिट भिसा प्रकरणमा विपक्षी बनाएन ।

तर, अख्तियारले विशेष अदालतमै पेश गरेको आरोपपत्रसहितको विवरणमा लेखक लगायत गृहका उच्च अधिकारीहरूमाथि अनुसन्धान चलिरहेको उल्लेख छ । यसलाई आधार मान्ने हो भने गृहमन्त्री लेखक, दुवाडीसहित गृहका कम्तिमा तीन सहसचिवमाथि अनुसन्धान भइरहेको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमश:

### विष्णु र शंकर...

पार्टी कार्यालयमा महाधिवेशनमा अन्य कामसमेत भइरहेकाले देशभरिबाट आएका प्रतिनिधिले पार्टी कार्यालयको रौनक नै थपेको बताए । उनका अनुसार महाधिवेशनमा सहभागी हुने करिब ७५ प्रतिशतभन्दा बढी काठमाडौं आइसकेका छन् । महाधिवेशनमा करिब दुई हजार दुई हजारभन्दा बढी प्रतिनिधि सहभागी हुनेछन् ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमका अनुसार महाधिवेशनको तयारीको अन्तिम चरणमा पुगेको बताए । काठमाडौं आइपुगेका प्रतिनिधिले बासको व्यवस्थापन भने धेरैजसोले आफैले गर्नुपर्ने गरी व्यवस्था गरेको नेता महेश बर्तौलाले बताए । एमालेको महाधिवेशन भोलि सल्लाघारीमा उद्घाटन र आइतबार र सोमबार काठमाडौंका भृकुटीमण्डपमा हुँदैछ ।

■■■

### लिङ्देनलाई...

संवैधानिक राजसंस्था र हिन्दुअधिराज्य पुनर्स्थापना खातिर शक्तिशाली आन्दोलन किन भएन ? उनलाई हायलकायल पार्ने यो प्रश्न इतरपक्षबाट लगातारजसो सोधिन्छ । लिङ्देनलाई सबैभन्दा भारी लाग्ने प्रश्न हो- पार्टीको मूल नीतिविपरीत गणतन्त्र सुदृढीकरण गर्न पुष्पकमल दाहालको सरकारमा किन गएको ? पार्टी केन्द्रीय कार्यसम्पादन समिति सदस्य जनकराज पाठकका अनुसार तीन वर्षसम्म पनि लिङ्देनले पार्टीपंक्तिलाई चित्तबुझ्दो जवाफ दिन सकेका छैनन् । उनी ३ माघ २०७९ मा दाहाल सरकारमा उपप्रधान तथा ऊर्जामन्त्री भएका थिए । त्यसबेला उनले भनेका थिए, 'अग्निपरीक्षामा होमिने निर्णय गरेँ ।'

गणतन्त्रवादी नेता दाहालको सरकारमा राजतन्त्रवादी नेता लिङ्देनको सत्तारोहण प्राकृतिक थिएन । कारण, दुवै नेता परस्परविरोधी एजेन्डाधारी हुन् । त्यसो हुनाले दाहाल-लिङ्देन सत्तामिलन आश्चर्यजनक थियो । फेरि, त्यो राष्ट्रिय सहमतिको सरकार थिएन । यद्यपि, लिङ्देन जनादेशविपरीत सत्तामा पुगे जसबारे उनी अनुत्तरित छन् ।

बोलीमा लिङ्देन संघीयताको खरो विरोधी नेता हुन् । व्यवहारमा भने त्यस्तो देखिएन । बागमती र कोशीमा सभामुख तथा लुम्बिनीमा उपसभामुख बनाए । उनीहरू सम्मिलित पोखरा भेलाले २०८० तिर संघीयताको सबलीकरण गर्न केन्द्र सरकारलाई आवश्यक कानुन छिटो निर्माण गर्न दबाब दियो । अर्कातिर, राप्रपाबाट प्रदेश खारेजीको प्रस्ताव देशको कुनै प्रदेशसभामा पेस भएन । त्यसैले राप्रपाको इतर समूहका नेताहरू हरेक बैठकमा सोध्छन्- 'राप्रपाको छवि बिगार्ने यी काम किन जारी राखेको ?'

राप्रपाको चार वर्षे नेतृत्वकालमा लिङ्देन जवाफविहीन अर्को सवाल हो - 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको एजेन्डा किन अघि सारियो ?' लिङ्देनलाई बिहीबार यो प्रश्न केन्द्रीय सदस्य सुरेश आचार्यले सोधे । उनले भने, 'प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री वामपन्थी विचाराधाराअनुसारको प्रणाली हो । के हाम्रो पार्टीलाई त्यता लान खोजिएको हो । महाधिवेशनको म्यान्डेटमा विचलन हो ?' खासमा राप्रपाको मूल आदर्श राजा राष्ट्रप्रमुख रहने संसदीय व्यवस्था हो । त्यसविपरीत लिङ्देन प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री पक्षधर बनेका छन् । यस्तो एजेन्डा उठाउनुमा उनलाई राजसंस्थापक्षधरहरूले पछिल्ला दिनमा संशयपूर्वक हेरेका छन् ।

यति मात्र होइन, लिङ्देनलाई राजसंस्था र हिन्दुअधिराज्य पुनर्स्थापनाको आन्दोलनलाई तुहाएको आरोप छ । भनिन्छ, २७ चैत २०८० मा काठमाडौंमा एकदिन प्रदर्शन गरेर आन्दोलन कमजोर बनाए । केन्द्रीय समितिको निर्णय अवज्ञा हुनेगरी सबै राजसंस्थापक्षधर मिलेको संयुक्त जनआन्दोलन समितिलाई असहयोग गरे । गत १८ जेठमा उनकै निर्देशनमा उपत्यका बन्द घोषणा भएको तर राति बन्दमा सहभागी नहुने भन्दै एक्लै वक्तव्य निकालेर आन्दोलन धरापमा पारेको अर्को आरोपको सामना लिङ्देनले गर्नुपरेको छ ।

विधिमा पार्टी सञ्चालन गर्ने भन्ने लिङ्देन पार्टी विधान मिचेको आरोपबाट मुक्त हुन सकेनन् । आफ्नो कार्यशैलीप्रति प्रश्न गर्नेहरूप्रति उनी असहिष्णु बनेको टिप्पणी हुँदै आएको छ । हुन पनि प्राणघातक क्यान्सरको उपचाररत छँदा महामन्त्री डा. धवलशम्शेर जबरालाई उनले संगठन विभाग प्रमुखबाट हटाइदिए । वरिष्ठ नेता नवराज सुवेदी, उपाध्यक्ष मुकुन्दश्याम गिरी, प्रवक्ता सगुनसुन्दर लावती, नेता धनसुर शाहीलगायतमाथि कारबाहीको डन्डा चलाए ।

लिङ्देनमाथि कारबाही फुकुवा गर्न बैठकमा धेरै नेताले दबाब दिए । पार्टीको सहायक महामन्त्री प्रवीन थोकर, केन्द्रीय सदस्यहरू गोपाल पौडेल, रमा गुरुङ तथा बागमती अध्यक्ष विक्रम थापाले नेताहरूमाथिको कारबाही फुकुवा गर्न माग गरेका थिए । अध्यक्ष लिङ्देन आलोचित हुनुको अर्को कारण लगातार केन्द्रीय समिति बैठकमा राजनीतिक प्रतिवेदन पेस नगर्दाले पनि हो । जारी बैठकमा उनले राजनीतिक प्रतिवेदन पेस गरेनन् । यसअघि गत माघको दोस्रो साता बसेको बैठकमा पनि उनले राजनीतिक प्रतिवेदन पेस गरेका थिएनन् ।

■■■

### पदाधिकारीले...

नेताहरू गिरी, जबरा, बस्नेत र लावती भने अध्यक्ष लिङ्देनले जिम्मेवारी खोस्ने र हटाउने कार्य गरेपछि असन्तुष्ट छन् । सोही कारण बैठकमा सहभागी नभएको एक नेताले बताए । तर, बैठकमा केन्द्रीय सदस्य गोपाल पौडेलले अध्यक्ष लिङ्देनलाई भने, 'बैठकमा पदाधिकारी नेताहरू नै आएनन् । किन यस्तो भयो ? तपाईंले पार्टीलाई एकताबद्ध गरेर लान सक्नुभएन ।' राप्रपा बैठक आज सकिँदै छ ।

■■■

### १३ वर्षमा...

खाडीले वैदेशिक रोजगारीको ८० प्रतिशत हिस्सा ओगटेको मन्त्रालयले जनाएको छ । त्यसपछि २०२३/२४मा पाँच लाख २५ हजार ६९२ जना खाडी मुलुक गएका थिए भने खाडी बाहेकका मुलुकमा दुई लाख १५ हजार ६०५ जना गएका थिए । प्रतिवेदनका अनुसार २०२३/२४मा रोजगारीमा गएका पुरुषमा १८देखि २४ वर्ष उमेरका २९.६ प्रतिशत छन् । साथै, २५देखि ३४ वर्षका ४५.७, ३५देखि ४४ वर्षका २२.६ र ४५ वर्ष माथिका १.८ प्रतिशत छन् । त्यस्तै, १८देखि २४ वर्षका महिला ३९.१ प्रतिशत रोजगारीमा गएका छन् । त्यस्तै २५देखि ३४ वर्षका ४८, ३५देखि ४४ वर्षका १२.१ र ४५ वर्षमाथिका ०.८ प्रतिशत महिलाहरू रोजगारीमा गएको पाइएको छ ।

पछिल्लो दुई वर्षमा सबैभन्दा बढी मधेश प्रदेशबाट र त्यसपछि कोशी प्रदेशबाट बढी कामदार विदेशिएका छन् । सबैभन्दा कम भने कर्णाली र सुदुरपश्चिम प्रदेशबाट गएका छन् । कर्णाली र सुदूरपश्चिमका नागरिकहरू बढी जसो मौसमी कामदारको रूपमा भारत जाने गरेको उल्लेख गरिएको छ । उक्त दुई वर्षमा सबैभन्दा बढी महिला कामदार बागमती र कोशी प्रदेशबाट परदेशिएका छन् भने सबैभन्दा कम कर्णाली र सुदुरपश्चिमका रहेका छन् । सोही अवधिमा रोजगारीमा गएकामध्य १० लाख ८३ हजार २६९जना स्वदेश फर्किएको तथ्याङ्क छ । जसमा ९३ हजार ७५७ जना महिला र नौ लाख ८९ हजार ५१२ जना पुरुष छन् ।

प्रतिवेदनअनुसार सन् २००८/०९देखि २०२३/२४मा रोजगारीमा गएकामध्य १३ हजार १७३ जनाले ज्यान गुमाएका छन् । प्रतिवेदनले कार्यस्थल र वासस्थानको अवस्था, स्वास्थ्य परिक्षणको कम पहुँच, कार्यघण्टाभन्दा बढी काम, भाषा तथा संस्कृतिको अवरोधका कारण शारीरिक तथा मानसिक स्वस्थ्यमा गम्भीर असर पर्ने गरेको जनाएको छ । खाडी मुलुकमा बढी तापक्रम र आद्रताको कारण आउटडोर काम गर्ने कामदारको स्वास्थ्यमा जोखिम रहेको अध्ययनमा उल्लेख छ । कामको प्रकृतिका कारण कृषि तथा घरेलु कामदारको रूपमा काम गर्ने महिला जोखिममा रहेको मन्त्रालयले जनाएको छ । नेपाली श्रमिकले गन्तव्य मुलुकको स्वास्थ्य उपचार गर्न नसक्दा रोजगारदाताले पनि बिरामी कामदारलाई बोझको रूपमा हेर्ने गरेको र स्वदेश फर्काइदिने गरेको भनिएको छ ।

### रमेश लेखक...

अनुसन्धान भने टुंगिएको छैन । अध्यागमनका तत्कालीन प्रमुख भट्टराईसँगै अधिकृत यज्ञराज अर्याल, ग्रिनलाइन होलिडेका अध्यक्ष बालकृष्ण खड्का, फेमिली होलिडेका सञ्चालक दीपक भण्डारी, ग्रिनलाइन सञ्चालक राम खड्का, सहायक कविता पौडेल, जग्गा कारोबारी खेम सुवेदीलाई भने अनुसन्धान सकेपछि प्रतिवादी बनाएको हो ।

सहसचिव भट्टराईसँग ७९ लाख ८० हजार, अध्यागमन अधिकृत अर्यालमाथि ८ लाख, ग्रिनलाइन होलिडेज प्रालिका अध्यक्ष बालकृष्ण खड्कामाथि ३० लाख २० हजार रूपैयाँ बिगो मागदाबी गरेको हो । त्यसैगरी फेमिली होलिडेजका सञ्चालक भण्डारीमाथि १० लाख ६० हजार, ग्रीनलाइनका सञ्चालक राम खड्कासँग ३० लाख २० हजार रूपैयाँ बिगो मागदाबी गरेको छ । कविता पौडेल र खेम सुवेदीमाथि ७९ लाख ८० हजार बिगो मागदाबी छ । कविता पौडेल सहसचिव तीर्थराज भट्टराईकी गाँउकी बहिनी हुन् भने सुवेदी जग्गा कारोबारी रहेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

अध्यागमन प्रमुख भट्टराईसहित कविता पौडेल र खेम सुवेदीमाथि अपराध गरेर सम्पत्ति कमाएको आरोपमा एक करोड ३ लाख रूपैयाँ बिगो मागदाबी सहित सम्पत्ति शुद्धीकरणको मुद्दासमेत दायर भएको छ । यो प्रकरणमा तत्कालीन गृहमन्त्री लेखकको नाम पनि मुछिएको थियो । उनकै योजना र सेटिङमा सहसचिव भट्टराईलाई एयरपोर्ट पठाइएको र त्यहाँबाट असुलीधन्दा चलाएको आरोप लागेको थियो ।

नेपाली नागरिकहरू विदेश भ्रमणमा जाँदा विभिन्न मापदण्डहरू पूरा गर्नुपर्ने व्यवस्था थियो । बैंकमा पर्याप्त खातादेखि गन्तव्य मुलुकहरूको होटल बुकिङ लगायतका कागजात पेश गर्नेहरूलाई मात्रै अध्यागमन कार्यालयका कर्मचारीहरूले गन्तव्यमा जाने अनुमति दिन्थे । तर अध्यागमनका कर्मचारीले विभिन्न म्यानपावर र मानव तस्करी गर्ने एजेन्सीहरूसँग मिलेर असुली गर्ने र सेटिङबाट आएकाहरूलाई मात्रै विदेश पठाउने धन्दा चलाएका थिए । त्यही सिलसिलामा भ्रष्टाचार मुद्दा खेपिसकेका र विवादास्पद पृष्ठभूमिका भट्टराईलाई गृह मन्त्रालयले विमानस्थल अध्यागमन कार्यालय पठाएको थियो ।

अध्यागमनका कर्मचारीहरूले सामूहिक रूपमा रकम संकलन गर्ने संयन्त्र नै खडा गरेर मिलेमतोमा पठाएका व्यक्तिहरूको विवरण संकलन गरी रकम असुली गरिरहेको सूचना अख्तियारसम्म पुग्यो । तर, लेखक गृहमन्त्री भएसँगै उक्त धन्दामा झनै संरक्षण भएको सूचनापछि अख्तियारले अध्यागमन कार्यालयमा निगरानी थालेको थियो । त्यसक्रममा घुस बाँडफाँट गर्ने समिति र रकम हिसाबकिताब राख्ने सफ्टवेयर नै बनाएको फेला परेको थियो । सहसचिव भट्टराई भूकम्प पीडितलाई बाँड्न त्रिपाल खरिद गर्दा अनियमितता गरेको आरोपमा पनि मुछिएका थिए ।

## शर्मासहित छ जनाको नाम सिफारिस



**काठमाडौं (प्रस)**– नेपाली कांग्रेसबाट काठमाडौं- २ मा प्रतिनिधिसभा निर्वाचनका लागि प्रत्यक्षतर्फ छ जनाको नाम सिफारिस भएको छ ।

संविधानसभा सदस्य दीपक कुइँकेल, केन्द्रीय सदस्य प्रतिमा गौतम, क्षेत्रिय सभापति कविर शर्मा, नेविसंघका पूर्वप्रवक्ता यूपी लामिछाने, मनिष कोइराला र शशांक श्री न्यौपाने छन् । काठमाडौं-२ मा ०७४ सालमा पराजित गौतम विघटित प्रतिनिधिसभामा समानुपातिक सांसद थिइन् ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/१०/०६ मा दर्ता भएको प्रा.लि.नं. २८१९०८ को **बाघधारा इन्भेस्टमेन्ट** नामक कम्पनीले दफा १३६क अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३० दिन भित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०८/२६ गते**

यस प्रा.लि. दर्ता गर्दा प्रा.लि. को नाम **ओम त्रिशुलीन प्रा.लि.** भएकोमा उक्त नाम संशोधन गरी **सलिल इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.** कायम गरी पाउँ भनी निवेदन गर्दा श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८२/०८/११ गतेको निर्णय अनुसार **सलिल इन्जिनियर्स एण्ड बिल्डर्स प्रा.लि.** कायम गरी कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नुपर्ने दायित्व आदि संशोधित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी स्वीकृति प्रदान गरिएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०८/२६ गते**

खप्तड रियलस्टेट प्रा.लि.को २०८२/०८/१५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंको प.सं. ८२/८३, च.नं. कम्पनी प्र./५७४८०, मिति २०८२/०८/२२ को पत्र अनुसारको निर्णयबाट साविकको **खप्तड रियलस्टेट प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम खप्तड होल्डिङ्स प्रा.लि. कम्पनीले सकार्ने व्यहोर्ने गरी साबिकको नाम परिवर्तन गर्न स्वीकृती प्राप्त भए बमोजिम यस कम्पनीको नाम **खप्तड होल्डिङ्स प्रा.लि. (Khaptad Holdings Pvt Ltd)** कायम गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०७२/०५/१५ मा दर्ता भएको श्री **पशुपती मोबाइल्स प्रा. लि. (प्रा. लि. नं. १३९३३०)** नामक कम्पनीको दफा १३६ (क) अनुसार विशेष दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



**साउदीमा रोजगार** कम्पनी : KARAKER CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ LT. No. 334708 चलानी नं. ६०२४८७०१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garbage Truck Driver | 2 | 0 | 1800 | ६८,५८६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ४गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CONFIDENT INTERNATIONAL MANPOWER PVT.LTD
Sinamangal-9, Kathmandu, Nepal, Ph. No: 01-5918958-01-5918957
E-mail : confident1423@gmail.com, Web: www.confidentmanpower.com
श्रम इजाजत नं. १४२३/०७४/७५

**साउदीमा रोजगार** कम्पनी : WAJH CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/११/२७ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२५ LT. No. 320207 चलानी नं. ६०२३४३४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६८,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम इजाजत नं. ५७४/०६२/०६३

**मलेसियामा शुन्य लागतको रोजगार !! FREE VISA !! FREE TICKET!!**

कम्पनी : FREIGHTWATCH G PATOMOTOH SECURITY SERVICES SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ LT. No. 335070 चलानी नं. ६०२४८७१८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | 1700 | ५९,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट मिति: २०८२ पुस ५ गते (20th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

R. A. International Employment Agency Pvt Ltd
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035,
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net
श्रम इजाजत नं. १४०४/०७४/०७५

**युएइमा रोजगार** कम्पनी : TAWASUL TRANSPORT LLC

पूर्व स्वीकृति मिति : २०८१/०६/२३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२५ LT. No. 312131 चलानी नं. ६०२२६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Duty Drivers(Taxi Driver) | 141 | 0 | 1600 | ६२,२९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAZAYA RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ LT. No. 334310 चलानी नं. ६०२४७८९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A/C Technician | 10 | 0 | 1500 | ५८,४०१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 10 | 0 | 1500 | ५८,४०१ | | | | | | | |
| 3. | Electrician | 10 | 0 | 1500 | ५८,४०१ | | | | | | | |
| 4. | Labour | 50 | 0 | 1000 | ३८,९३५ | | | | | | | |
| 5. | Mason For Plaster ./ Block | 10 | 0 | 1500 | ५८,४०१ | | | | | | | |
| 6. | STEEL FIXER | 10 | 0 | 1500 | ५८,४०१ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Raj Group Of Company Pvt.Ltd.
Basundhara–3, Kathmandu, Nepal Tel : 0977-01-5903550, 5903660, Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

**कतारमा रोजगार** कम्पनी : NEW FALCON GENERAL TRADING AND CONTRACTING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ LT. No. 335065 चलानी नं. ६०२४८७००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BRICK MASON / MASON | 5 | 0 | 1200 | ४७,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 1 | 1 | 2500 | ९८,६५४ | | | | | | | |
| 3. | Driver | 3 | 0 | 2000 | ७८,९२३ | | | | | | | |
| 4. | Dry Cleaning Worker | 2 | 0 | 1200 | ४७,५५४ | | | | | | | |
| 5. | General Pipe Welder | 1 | 0 | 2200 | ८६,८१५ | | | | | | | |
| 6. | Labour | 7 | 0 | 1100 | ४३,४०८ | | | | | | | |
| 7. | Receptionist | 0 | 1 | 2500 | ९८,६५४ | | | | | | | |
| 8. | Representative | 1 | 0 | 2500 | ९८,६५४ | | | | | | | |
| 9. | Supervisor | 2 | 0 | 2500 | ९८,६५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम इजाजत नं. १३०२/०७४/०७५



**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०८०/०६/१६ मा दर्ता भएको प्रा.लि.नं. ३२०८१५ को **मुडे कन्स्ट्रक्सन प्राइभेट लिमिटेड** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०८/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**हकप्रद शेयर बापतको रकम दाखिला गर्ने बारेको सूचना**

यस कम्पनीको कारोबार संचालनका लागि तत्कालै पूँजी (रकम) आवश्यक परेकोले कम्पनीको आ.व २०८१।८२ को साधारण सभाले जारी गरेको बोनस शेयर कायम पश्चात चुक्ता पूँजी मध्येको हाल कायम शेयरधनीलाइ १:0:३६ को अनुपातमा हकप्रद शेयर जारी गर्नका लागि आफ्नो शेयर अनुपात बराबरको रकम आजको मितिले ३० दिन भित्र कम्पनीमा दाखिला गर्नुहुन सबै शेयरधनीहरूलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त समय भित्र रकम दाखिला नगरेकामा उक्त शेयर कम्पनीका अन्य शेयरधनी तथा कम्पनीको शेयर खरिद गर्न इच्छुक अन्य व्यक्ति समेतलाई बिक्रि गरिने कुरा समेत जानकारी गराइन्छ ।

**सेन्चुरी इनर्जी लिमिटेड**
का.जि.का.म.न.पा- ९, काठमाडौं

**खाद्य पदार्थ फिर्ता गर्ने सम्बन्धमा**

उक्त विषयमा यस उद्योगले उत्पादन गरेको MFG Date 03-12-2025 ब्याच नं. 01 को खाद्य पदार्थ (Croissant) को उत्पादन खाद्य ल्याबबाट परिक्षण गर्दा ट्रान्सफ्याटको मात्रा तोकिएको मापदण्ड भन्दा बढि देखिएकाले उक्त ब्याच नं. 01 मिति 03-12-2025 को Croissant प्राविधिक त्रुटिले गर्दा बजारबाट फिर्ता लिनु पर्ने भएकाले उक्त ब्याच नं. को खाद्य पदार्थ सबै बिक्रेताहरुले यस उद्योगमा फिर्ता पठाउनु हुन सुचित गरिन्छ । प्राविधिक त्रुटि भई क्रोसन फिर्ता लिनु परेकोमा क्षमा प्रार्थी छौं । उक्त त्रुटिलाई सच्याई नियमानुसारको मापदण्ड पुरा भए पश्चात हाम्रा आदरणिय ग्राहक समक्ष क्रोसन (Croissant) को सेवा समेत पुनः सुचारु हुने विनम्र निवेदन गर्दछौं ।

व्यवस्थापक
नाङ्लो बेकरिज प्रा.लि.

**भीमेश्वर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**चरिकोट दोलखा**
**बागमती प्रदेश, नेपाल**

**निर्माण कार्य सम्बन्धि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०८/२६**

यस नगरपालिकाको तपशिल वमोजिमको निर्माण कार्य गर्न इजाजत प्राप्त योग्य फर्मरकम्पनीले रितपुर्वकको दरभाउपत्र विद्युतीय खरिद प्रणाली (E-Bid) मार्फत पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । दरभाउपत्र सम्बन्धि कागजात र विस्तृत सूचना www.bolpatra.gov.np/egp को bid Document मा हेर्न र download गर्न सकिनेछ । दरभाउपत्र सम्बन्धि कार्यविधि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | ठेक्का/योजनाको नाम | लागत अनुमान (मु.अ.कर. बाहेक) रु. | दरभाउपत्र फारम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र फाराम दाखिला अवधि | दरभाउपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | BMP/SQB/WORKS/ 2082-83/E/01 | Aadharbhut Swasthya Kendra Bhawan Nirman | १४,०७,८४८/३७ | १,०००/- | ३७,०००/- | २०८२/०९/१३ गते १२ बजेभित्र | २०८२/०९/१३ गते १ बजे |

**प्रमुख प्रशासकीय अधिकृत**

# हुम्लाका २५ मतदानस्थल अति संवेदनशील

**सिमकोट (हुम्ला)–** यहाँका २७ मतदानस्थललाई भौगोलिक विकटता र राजनीतिक विवादका कारण अति संवेदनशील ठहर गरिएको छ। जिल्लामा ६० मतदानस्थल र ६१ मतदानकेन्द्र कायम गरिएको छ।

आगामी फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लामा यसपटक थपिएका गरी जम्मा ६० मतदानस्थलमध्ये २७ वटा भौगोलिक विकटता र राजनीतिक विवाद हुने ठहर गर्दै अति संवेदनशील मतदानस्थलका रूपमा ठहर गरिएको सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्र चन्दले बताए।

समितिको निर्णयअनुसार २१ वटा संवेदनशील र १० सामान्य छन्। जिल्ला सुरक्षा समितिको बैठकले निर्धारण गरेअनुसार अदानचुली गाउँपालिकामा छ मतदानस्थल रहेकामा एक मतदान केन्द्र अतिसंवेदनशील छ भने पाँचवटा संवेदनशील छन्। आठ मतदानस्थल रहेको चंखेली गाउँपालिकामा पाँच अति संवेदनशील र तीन संवेदनशील छन्। सात मतदानस्थल रहेको ताँजाकोट गाउँपालिकामा पाँचवटा अतिसंवेदनशील र दुई मतदानस्थल संवेदनशील छन्।

त्यसैगरी १२ मतदानस्थल रहेको सर्केगार्ड गाउँपालिकामा पाँच अति संवेदनशील, चार संवेदनशील र तीन सामान्य छन्। पाँच मतदानस्थल रहेको खार्पुनाथ गाउँपालिकामा दुई अतिसंवेदनशील, दुई संवेदनशील र एउटा सामान्य छ। यस्तै ११ मतदानस्थल रहेको नाम्खा गाउँपालिकामा पाँच अतिसंवेदनशील, चार संवेदनशील र दुई सामान्य अवस्थाका मतदानस्थल निर्धारण गरिएको छ।

सदरमुकामसमेत रहेको सिमकोट गाउँपालिकामा नौ मतदानस्थल रहेकामा चार अतिसंवेदनशील, दुई संवेदनशील र तीन सामान्य छन्। मुख्यगरी भौगोलिक विकटता र राजनीतिक विवादलाई आधार मानेर मतदानस्थलाई अतिसंवेदनशील, संवेदनशील र सामान्य मतदानस्थलका रूपमा वर्गीकरण गरिएको जिल्ला निर्वाचन अधिकारी भीमबहादुर रोकायाले बताए।

यसरी निर्धारण गरिएका मतदानस्थलअनुसार सुरक्षा व्यवस्थासमेत निर्वाचनका बेला गरिने छ। नाम्खा र चंखेली गाउँपालिकामा नयाँ मतदानस्थल थपिएका हुन्। मंसिर ५ गते तोकिएको अवधिमा हुम्लाको मतदाता संख्या ३४ हजार ५०२ छ। यसअघि २०७९ सालको निर्वाचनमा ५८ मतदानस्थल कायम गरिएका थिए। *रासस*

## सुदूरपश्चिममा ४६ हजार नयाँ मतदाता थपिए

**महेन्द्रनगर (प्रस)–** सुदूरपश्चिम प्रदेशमा ४६ हजार २० जना नयाँ मतदाता थपिएका छन्। सुदूरपश्चिम प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेमराज भट्टले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि युवा पुस्ताका मतदाता बढी थपिएका जानकारी दिए।

'निर्वाचन सामग्री व्यवस्थापन र मतदाता नामावली अद्यावधिक कार्य हुँदै छ,' प्रमुख भट्टले भने, 'मतदाता दाबी विरोध, त्रुटि सच्याउनेलगायत कार्यका लागि शुक्रबारसम्मको समयावधि दिइएको छ।'

गत असोज १० देखि मंसिर ५ गतेसम्म अद्यावधिक लागि खोलिएको समयमा सबैभन्दा बढी कैलालीमा १८ हजार २१३ र सबैभन्दा कम बाजुरामा एक हजार ५१७ नयाँ मतदाता थपिएका उनले जानकारी दिए। औंठाछाप र फोटोसहित राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा अनलाइन विधिबाट नाम दर्ता गराउने व्यवस्थासमेत गरिएको थियो।


## Miklajung Rural Municipality
## Office of The Rural Municipal Executive
**Madhumalla, Morang**
**Koshi Provience, Nepal**

### Invitation for Bids

**Date of Publication- 2082/08/26 (2025/12/12)**

1. Miklajung Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the procurement of Goods.
2. A complete set of Bidding Documents may be purchased from EGP system i.e www.bolpatra.gov.np/egp by eligible Bidders with necessary document.
   Name of the Bank- Nmb Bank Limited
   Name of Office- Miklajung Rural Municipality Rajaswa Sirshak-14229
   Office code- 801011317
   Account No- 0610058213000013 (for Bid Document Fee) GA-1-1 ANTARIK RAJASWA KHATA
   Account No- 0610058231000061 ( for Bid Security for Cash Deposit) GA-3.1 ISTHSNIYS TAHA DHARAUTI KHATA

| S.N. | Contract ID | Name of Contract | Estimated Amount (Including VAT) | Bid Security | Bid fee | Bid Submission and open Date | Procurement Type |
|---|---|---|---|---|---|---|---|
| 1 | MRM/MOR/SQ/G/02-2082.83 | Supply and Delivery of water supply pipe | NRs 11,52,134.21 | NRs 29,000 | 1000 | 2025/12/28 | Sealed quotation |

**Chief Administrative Officer**



**लुम्बिनी प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**शिक्षा तथा सामाजिक विकास निर्देशनालय**
**सामाजिक विकास डिभिजन कार्यालय प्यूठान**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मितिः २०८२/०८/२६**

यस कार्यालयबाट NCB ठेक्का सूचना मितिः २०८२/०७/१७ गते प्रथम पटक र SQ ठेक्का सूचना मितिः २०८२/०८/०३ गते दोस्रो पटक हिमालय राष्ट्रिय दैनिक पत्रमा प्रकाशित भए अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्यांकन हुदा निम्न निर्माण व्यवसायीहरूको तपशिल बमोजिमको बोलपत्रहरु न्यूनतम मुल्यांकित सारभुतरूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० बमोजिम सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम ७ (सात) दिनभित्र कुनै गुनासो वा आपत्ति भएमा लिखित रूपमा यस कार्यालयमा दर्ता गराई जानकारी गराउन सम्पूर्ण सरोकारवालालाई सुचित गर्दै यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का न. | योजनाको नाम | निर्माणको व्यवसायीको नाम | कबोल अंक |
|---|---|---|---|---|
| 1 | 01-SDDO/NCB-082/083 | Construction of Building: Yagyashori Aa.vi Mandavi -04 Pyuthan. | Amod Nirman sewa, Pyuthan-04 pyuthan | 15,73,069.71/- |
| 2 | 02-SDDO/NCB-082/083 | Construction of Building: Amar Ma.vi Mallarani Ga.Pa -02 Pyuthan. | Amod Nirman sewa, Pyuthan-04 pyuthan | 18,15,372.82/- |
| 3 | 04-SDDO/NCB-082/083 | Construction of Building: Namuna Bal Pra. Vi Lungri Ga.Pa -06 Rolpa. | Nawa janayuwa Nirman sewa, Rolpa -02 Rolpa | 17,84,441.23/- |
| 4 | 06-SDDO/SQ-082/083 | Purbhadhar Nirman (Construction of Building):Sita Ma.Vi Jhimruk Ga.Pa -07 Pyuthan | Usha construction, Dhanusha Janakpur | 11,89,321.69/- |
| 5 | 08-SDDO/SQ-082/083 | Construction of Building: Ganesh Aa.Vi Mandavi Ga.Pa -02 Pyuthan. | Nawa janayuwa Nirman sewa, Rolpa -02 Rolpa | 10,88,535.4/- |
| 6 | 10-SDDO/SQ-082/083 | Purbhadhar Nirman (completion of Building): Gokul Ma.vi Lungri Ga.pa-02 Rolpa | Keshav Nirman Sewa, sunchhari Rolpa | 11,82,065.24/- |
| 7 | 12-SDDO/SQ-082/083 | Purbhadhar Nirman (Construction of Truss Building): Janata Ma.Vi sworgdwari na.pa -08, Pyuthan. | Mandavi Janamukhi construction sworgdwari-04, pyuthan | 12,29,146.66/- |
| 8 | 14-SDDO/SQ-082/083 | Purbhadhar Nirman (Construction of Truss Building): Janakalyan Aa.Vi Mallarani Ga.Pa -03 Pyuthan | Padma Construction, khalanga pyuthan | 9,30,229.28/- |



### कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०८/२६ गते प्रभाव दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीहरुले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ पुस ४ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**लाहान**

| ऋणीहरूको विवरण | लिलाम हुने सम्पत्तिको विवरण |
|---|---|
| क. प्राइभेट फर्म रजिष्टेसन ऐन, २०२० (संशोधन सहित) बमोजिम, नेपाल सरकार, घरेलु तथा साना उद्योग विभाग प्राइभेट फर्म रजिष्ट्रेसनको कार्यालयमा मिति २०६८/०७/२४ मा दर्ता नं. २०७०/०६८/०६९ कायम भई सिरहा जिल्ला, लाहान ना.पा. वडा नं. ३ स्थित रजिष्टर्ड कार्यालय रहेको **ओम सर्जिकल हाउस।** **प्रोपाईटर - रीता कुमारी यादव**<br>ख. **हिमालय यादव**<br>ना.प्र.नं.: ३६२६२२६/३६<br>जारी मिति: २०४४/१२/०८, जि.प्र.का. महोत्तरी<br>बाबु: राम प्रसाद यादव<br>बाजे: सुवाइ यादव<br>स्थायी ठेगाना: महोतरी जिल्ला, हरिहरपुर हरिनमरी गा.वि.स वडा नं. २<br>हालको ठेगाना: सिरहा जिल्ला लाहान ना.पा. वडा नं. ०३ | १. **रीता कुमारी यादव**को नाममा मालपोत कार्यालय, विराटनगर दर्ता कायम रहेका मोरङ जिल्ला, विराटनगर उ.प.न.पा. वडा नं ७ स्थित कि.नं. २०६ को क्षेत्रफल २८३.६० (ब.मि.) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।<br>२. **हिमालय यादव**को नाममा मालपोत कार्यालय, लाहान दर्ता कायम रहेका सिरहा जिल्ला, लाहान बजार न.पा. वडा नं२ स्थित कि.नं. ९९१ को क्षेत्रफल ०-०-६ (बि.क.धु) जग्गा र सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत। |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **रीता कुमारी यादव**<br>ना.प्र.नं.: ३६२६३४०२<br>जारी मिति : २०६०/०८/०७, जि.प्र.का. महोत्तरी<br>बाबु : भिखारी यादव<br>बाजे : विलट यादव<br>स्थायी ठेगाना: महोतरी जिल्ला, हरिहरपुर हरिनमरी गा.वि.स वडा नं. २<br>हालको ठेगाना: सरहा जिल्ला लाहान ना.पा. वडा नं ०३<br>२. **हिमालय यादव**<br>ना.प्र.नं.: ३६२६२२६/३६<br>जारी मिति : २०४४/१२/०८, जि.प्र.का. महोत्तरी<br>बाबु : राम प्रसाद यादव<br>बाजे : सुवाइ यादव<br>स्थायी ठेगाना: महोतरी जिल्ला, हरिहरपुर हरिनमरी गा.वि.स वडा नं. २<br>हालको ठेगाना: सिरहा जिल्ला लाहान ना.पा. वडा नं ०३ | ३. **निशान्त यादव**<br>ना.प्र.नं.: १८-०१-७८-०७२८४<br>जारी मिति: २०७२/०७/११, जि.प्र.का. महोत्तरी<br>बाबु: हिमालय यादव<br>बाजे: राम प्रसाद यादव<br>स्थायी ठेगाना: महोतरी जिल्ला, भङगाहा गा.वि.स वडा नं. ९<br>हालको ठेगाना: सिरहा जिल्ला लाहान ना.पा. वडा नं ०३ |

**कलैया**

| १. ऋणीको विवरण | लिलाम हुने सम्पतिका विवरण |
|---|---|
| नेपाल सरकार, उधोग मन्त्रालय, घरेलु तथा साना उधोग मन्त्रालय, घरेलु तथा साना उधोग कार्यालय, कलैया, बारामा मिति २०७४/१२/०९ मा प्रा.फ.नं.घ.उ.वि. ६५८५/५०५/०७४/७५ कायम भई दर्ता रहेको बारा जिल्ला, महागढिमाई न.पा. वडा नं. ०६ स्थित रजिष्टर्ड कार्यालय रहेको **प्रियंका राइस मिल।** **प्रोप्राईटर - रामेश्वर सहनी मलाह** | १. **रामेश्वर सहनी मलाह**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, बरियारपुर गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ७३७ को क्षे.फ. ०–०–१७–५ (बि.क.धु.क) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत। |

**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**

| | |
|---|---|
| १. **रामेश्वर सहनी मलाह**<br>ना.प्र.नं.- १२१२/०२८६/१२७१<br>जारी मिति - २०५१/०४/०६, जि.प्र.का. बारा<br>बाबु - जादो सहनी मलाह<br>बाजे - मौज सहनी मलाह<br>स्थायी ठेगाना- बारा जिल्ला, पत्रहट्टी गा.वि.स., वडा नं. ०४<br>हालको ठेगाना- बारा जिल्ला महागढिमाई न.पा. वडा नं. ०६<br>२. **फुलैनिआ मलाहिन**<br>ना.प्र.नं.- १७५/५८२७०२८७<br>जारी मिति - २०४४/१२/०५, जि.प्र.का. बारा<br>बाबु - रेखा सहनी<br>ससुरा - मौज सहनी मलाह<br>स्थायी ठेगाना- बारा जिल्ला, मैनी गा.वि.स., वडा नं. ०५<br>हालको ठेगाना- बारा जिल्ला महागढिमाई न.पा. वडा नं. ०६ | ३. **शान्ती देवी**<br>ना.प्र.नं.- ३३१०५९/४९०७<br>जारी मिति - २०७०/०१/०७, जि.प्र.का. बारा<br>बाबु - रामचन्द्र सहनी मलाह<br>बाजे - सुकदेव सहनी<br>स्थायी ठेगाना- बारा जिल्ला, पत्रहट्टी गा.वि.स., वडा नं. ०४<br>हालको ठेगाना- बारा जिल्ला महागढिमाई न.पा. वडा नं. ०६ |

**शर्तबन्देजहरुः**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितीले ७ औं दिन अर्थात मिति २०८२ पुस ३ गते** भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी वापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८२ पुस ४ गते १२:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधापुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी वापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८२ पुस ४ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अनलाइन स्क्यामिङबारे सचेतना फैलाऔं

आकर्षक रोजगारको लोभमा पछिल्ला दिनमा नेपालीहरू अनलाइन स्क्यामरको फन्दामा पर्न थालेका छन् । देशमा भरपर्दो रोजगार नभेटिएका युवाहरू हिजोआज स्मार्टफोनमार्फत नै काम खोज्छन् । कामको खोजीमा उनीहरूले विभिन्न लिंक र सूचनाहरूमार्फत आकर्षक काम पाउने विज्ञापनसम्म पुग्छन् ।

ती विज्ञापनदातासम्म पुग्दा उनीहरू ढुक्क हुन्छन् कि राम्रो काम त्यो पनि बसीबसी । घन्टामै २० हजार कमाउने, त्यो पनि विदेशमा गएर । नेपालमा महिनाको २० हजार पाउन मुश्किल भइरहेको अवस्थामा घण्टाको २० हजार कमाउने सपना कसको हुँदैन ? त्यसपछि युवाहरू यो स्क्यामको फन्दामा विस्तारै पर्छन् ।

यसको पछिल्लो उदाहरण हो म्यान्मरबाट फर्काइएका ४७ नेपाली । उनीहरूलाई थाइल्यान्डस्थित नेपाली दूतावासले विभिन्न निकायसँगको समन्वयमा उद्धार गरी नेपाल फिर्ता पठाएको हो । एजेन्टहरूले उनीहरूलाई अनलाइन डेटिङ, अनलाइन क्यासिनो, गेमिङ तथा फिसिङ, क्रिप्टो ठगी लगायतका काममा लगाइएको पाइएको छ । युवा उमेरका धेरै रहेका उनीहरू म्यान्मरका स्क्यामिङ केन्द्रहरूमा दुई महिनादेखि १८ महिनासम्म काम गरिरहेको पाइएको छ ।

उनीहरू अनलाइन साथी, अनलाइन खेल, सामाजिक सञ्जालको विज्ञापन हुँदै त्यहाँ पुगेको देखिएको छ । उनीहरूलाई भाइबर, ह्वाटस्एप, टिकटक, टेलिग्राम, मेजेन्जर आदिमा मेसेज आउने र आकर्षित मुलुकमा विभिन्न कार्यालय, कल सेन्टर, कम्प्युटर अपरेटर, रिसेप्सनिस्ट लगायतका काममा एक लाखभन्दा बढी कमाइन्छ भनेर प्रलोभनमा पारी लगेको पाइएको छ ।

स्क्यामिङ केन्द्रहरूमा पुऱ्याइएपछि केही महिना सजिला काममा लगाउने र त्यसपछि कामको निश्चित् लक्ष्य दिइने गरेको भेटिएको छ । उक्त लक्ष्य पुरा गर्न नसके शारीरिक शोषण गर्ने, बन्धक बनाइ फिरौति माग्ने, आरोपी बनाएर जेल पठाउनेदेखि हत्यासम्म गर्ने गरेको घटना पनि खुल्नमा आएको छ । कामबाट निस्कने खोजे सट्टभर्ना नगरी छाड्न नपाइने नियम रहेको पाइएको छ । यसरी स्क्यामिङमा परेकाहरूको पछिल्लोपटक धमाधम खुल्न थालेका छन् ।

थाइल्यान्ड, लाओस्देखि म्यान्मारसम्म नेपाली युवाहरू यसरी पुगेको भेटिएको छ । म्यान्मारमा अझै पनि ४०० भन्दा बढी युवाहरू उद्धारको पर्खाइमा रहेको बताइएको छ । यसरी युवाहरू स्क्यामिङमा फस्नुको मुख्य कारण हो नेपालमा रोजगारीको अभाव । अर्को कारण घरमा कामको दबावले नबुझी सजिलो कामको खोजीमा हाम्फाल्नु । सरकारले तोकेका मापदण्ड बमोजिम श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जान आग्रह गर्छ । प्रक्रियामा जाँदा झन्झटिलो हुने भएकोले युवाहरू यतातिर लाग्नै चाहँदैनन् । यस्तो अवस्थामा अनलाइन स्क्यामिङका विषयमा सचेतना फैलाउने काम सरकारले शुरु गर्नुपर्छ । अर्को कुरा युवाहरूलाई विदेशमै गएर पैसा कमाउने दबाव दिने काम पनि परिवारले दिन हुँदैन ।

## श्रम सरोकार

# सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिंदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

### के-के छन् फाइदा ?

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।


### योगदान रकम कसरी जम्मा गर्ने ?

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

### नियमित योगदान नगरे के हुन्छ ?

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# माछाखेतीको बहुआयामिक लाभ



डा. रामचन्द्र भुजेल

> नेपालीले औसतमा चार किलोभन्दा कम वार्षिक प्रतिव्यक्ति माछा खाइरहेका छौं । संसारको औसतसम्म पुऱ्याउन हामीले पाँच गुणा बढाउनुपर्छ । माछा पाल्ने क्षेत्र बढाउन बाँझो जमिनमा पोखरी खन्नपऱ्यो । उत्पादकत्व बढाउन कार्प माछामा नयाँ-नयाँ प्रविधिको प्रयोग गर्नुपर्छ । चाँडो बढ्ने जातहरु जस्तो टिलापिया र पंगासको खेती गर्नुपर्छ । माछामा प्रोटिन, भिटामिन र अन्य पौष्टिक तत्वहरु प्रशस्त पाइन्छ । हप्तामा कम्तीमा दुई-तीन पटक माछा खाएपछि स्वस्थ होइन्छ ।

माछाबारे अध्ययन, अनुसन्धान र तालिम कार्यक्रमहरूमा व्यस्त छु । हाल थाइल्याण्ड र नेपालसँगै कम्बोडिया, सिंगापुर तथा एसिया र अफ्रिकाका अन्य देशहरूमा सोही काम गरिरहेको छु । थाइल्याण्ड माछाको व्यावसायिक उत्पादनबारे जान्ने, बुझ्ने र अध्ययन गर्ने ठूलो ठाउँ हो । त्यहाँबाट नेपालमा पंगास, झिंगे र मोती उत्पादन गर्ने जातको माछा पठाएर गहयोग गरिरहेको छु । नेपालमा अहिले ती माछाहरूका साथै टिलापियाको उत्पादन भइरहेको छ । मेरो उच्च शिक्षा र जीवन नै माछासम्बन्धी विज्ञता बढाउने क्षेत्र भएकाले त्यसैमार्फत समुदायलाई सहयोग गर्ने, कार्यपत्र प्रस्तुत गर्ने र अनुभव बाँड्ने कार्यमा ५० जति देशमा पुगेको छु ।

नेपालमा छ हजारभन्दा बढी नदी नाला छन् । ठूलो परिमाणमा पानी त्यतिकै बगेर गइरहेको छ । नदी-नाला, ताल-तलाउमा माछा छन् तर व्यावसायिक खेती गर्ने चलन भने कम छ । अहिले नेपालमा करिब एक लाख १३ हजार टन माछा उत्पादन हुन्छ । जसमा २१ हजार टनजति नदीनालाबाट मारिन्छ । ती माछा गाउँघरतिर नै सकिने हुनाले सहरका लागि करिब १० हजार टनजति भारत र अन्य देशबाट आयात हुन्छ । जसले गर्दा हरेका वर्ष झण्डै तीन अर्ब रूपैयाँ बाहिर जान्छ ।

हामी माछा उत्पादन र उपभोगका हिसाबले अरुका तुलनामा निकै पछाडि छौं । तर उत्पादनको सम्भावना भने धेरै छ । माछा आफैंमा स्वास्थ्य र पोसिलो खानेकुरा हो । संसारमा एउटा व्यक्तिले प्रतिवर्ष करिब २० केजी माछा उपभोग गर्छ । नेपालमा भने प्रतिव्यक्ति खपत चार किलोभन्दा कम छ । थाइल्याण्डमा यो झण्डै ४० किलो छ । मलेसिया, जापान र कोरियामा त ६० केजीसम्म पुगेको छ । यसबाट नेपालमा माछा खानेमा चलन अतिकम देखिन्छ । तथापि, गएको १५ वर्षमा नेपालमा माछा पाल्नुपर्छ र खानुपर्छ भन्ने सोच बढेको छ । माछा उत्पादन बढाउन धेरै प्रयास गरिएको छ । यस विषयमा उच्च शिक्षाको पाठ्यक्रम विकास गरी लागू गर्न सहयोग गरिएको छ । अरु खेतीको तुलनामा माछाका लागि एक पटक पोखरी खनेपछि अलिअलि मर्मत गरी २०औं वर्षसम्म निरन्तर उत्पादन गर्न सकिन्छ ।

मजदुरको अभाव तथा लागतको तुलनामा उत्पादन कम हुन थालेपछि पछिल्लो समय धान, मकै, गहुँको खेती गर्ने किसानको संख्या घटेको छ । जग्गाहरू बाँझो हुन थालेका छन् । त्यो बाँझो जग्गामा पोखरी खन्ने हो भने राम्रो परिमाणमा माछा उत्पादन हुन सक्छ । तराईका चितवन, बारा, रूपन्देहीमा यसको अभ्यास भइरहेको छ । अरु खेती नभई प्रयोगमा नआएका जग्गामा पोखरी खनेर माछा उत्पादन गर्न सकिन्छ । एक हेक्टर जमिनमा धान लगाउँदा चार टनजति उत्पादन हुन्छ । जबकि नेपालको औसत माछा उत्पादन नै डेढ गुणा बढी अर्थात् छ टनजति छ । अनि माछाको मूल्य धानको भन्दा झण्डै १० गुणा बढी छ । त्यही जमिनमा पंगास, टिलापियाजस्ता चाँडो बढ्ने माछा नयाँ प्रविधिको प्रयोग गरी पाल्ने हो भने २० टनदेखि ४० टनसम्म उत्पादन हुन्छ ।

उत्पादन र नाफा हेर्ने हो अरु खेतीको तुलनामा माछाबाट धेरै आम्दानी लिन सकिन्छ । धानखेती र माछापालन पनि सँगसँगै गर्न सकिन्छ । त्यस्तै हाँस, कुखुरा, बंगुर, गाई, भैंसी अनि बाख्रापालन माछासँगै पोखरीमाथि वा डिलहरूमा गर्न सकिन्छ । माछा उत्पादनलाई व्यावसायिक बनाउन सकेमा रोजगारीका नाममा विदेश जाने युवालाई यही राम्रो अवसर प्रदान गर्न सकिन्छ । सुरुआती दिनमा पोखरी खन्न केही पैसा लाग्छ । तर यसमा सरकारले पनि सहयोग गरिररहेको छ । माछापालनबाट राम्रो लाभ लिन सकिने विषयबारे राम्रो प्रचारप्रसार भएमा विदेश जाने युवाको संख्या पक्कै घट्न सक्छन् । अहिले देशमा युवा जनशक्ति काम नपाएर बरालिएको अवस्था छ । पैसाको ठूलो स्रोत र क्षेत्र भनेको माटो र पानी हो । यसलाई हामीले सही प्रयोग गर्न जान्नुपर्छ । यसमा युवा जनशक्तिलाई प्रेरित गर्नुपर्छ । माछा खेती धेरै नै फाइदाजनक छ ।

नेपालमा माछाका लागि उपयुक्त हावापानी र सम्भावनाको क्षेत्र पहिलो तराई नै हो । समथर मैदान तथा गर्मी हावा पानीमा माछा चाँडो बढ्छ । त्यसकारण पनि तराईतिर बढी माछा उत्पादन हुन्छ । त्यसपछि चुरे पर्वत आसपासका खोच तथा फाँटमा पनि माछाखेती राम्रो हुन्छ । हामीले रामपुर क्याम्पससँग मिलेर चितवनमा माछापालनको परियोजना सञ्चालन गरी पछि नवलपरासी, लमजुङ र गोर्खाका केही गाउँमा पनि माछापालन फैलाएका थियौं । नेपालका उच्च पहाडी भेगतिर ट्राउट माछा उत्पादनको राम्रो सम्भावना छ । उदाहरणका लागि कास्की वा पोखरा नजिक र ककनीमा केही ट्राउट फार्म छन् । त्यस क्षेत्रमा पनि अहिलेको भन्दा धेरै गुणा बढी माछा उत्पादन गर्न सकिन्छ । नेपालका ट्राउट सिंगापुरतिरबाट पनि माग आएको भन्ने सुनेको छु । तर धेरै उत्पादन भइरहेको छैन । हाम्रै चिसो पानीमा हुने लोक माछा सहर, असला र गर्दी पनि पालन गर्न सके बजारको कुनै समस्या हुँदैन ।

चितवन, रूपन्देही, बारा, पर्सा, दाङ, कैलाली, रौतहट, सर्लाही, धनुषा र कास्कीलगायतका जिल्ला माछा उत्पादनका हिसाबले अग्रस्थानमा छन् । सरकारले केही जिल्लालाई सुपर जोन, केहीलाई जोन अनि पकेट एरियाका रूपमा अघि बढाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमले यसलाई सहयोग गरेको छ । पछिल्लो समय पहाडी क्षेत्रका गाउँमा पनि किसानले अनुदान लिएर पोखरी बनाइ व्यावसायिकरूपमा माछापालन सुरु गरेका छन् । यहाँको उत्पादन स्थानीय तहमै खपत हुन्छ । नेपाल आफैंमा पनि बजारको राम्रो सम्भावना छ । खेर गइरहेको सानो जग्गामा पनि माछापालन हुन्छ । माछा उत्पादनका क्षेत्रमा थरै थरी प्रविधिहरू छन्, तिनलाई भित्र्याउनु छ । थोरै लागतमा धेरै उत्पादन गर्ने प्रविधिको प्रयोग गरेर व्यावसायिक माछापालनमा लाग्नु बुद्धिमानी हुन्छ । हावापानीका हिसाबले काठमाडौं वरिपरि पनि माछा उत्पादनको निकै सम्भावना छ । तरकारीजस्तै प्लास्टिक टनेल बनाई पानी तातो पारी तरकारीसँगै माछाखेती गर्न सकिन्छ । तातो हावापानी र तामक्रमअनुसार माछाको उत्पादन निर्भर रहन्छ ।

नेपालमा करिब १३२ प्रजातिका माछा पाइन्छ भनिन्छ । तीमध्ये खेती गर्ने थोरै हुन्छन् । माछाको व्यावसायिक उत्पादनमा संलग्न हुनुअघि कुन माछाले कति उत्पादन दिन्छ । उसको आहारा के हो, के रोग लाग्न सक्छ, त्यसबाट कसरी सुरक्षित तुल्याउने भन्ने आधारभूत ज्ञान किसानलाई हुनुपर्छ । जग्गाको क्षेत्रफल र हावापानीअनुरूप थोरै क्षेत्रफलमा धेरै माछा उत्पादन गरी आम्दानी लिन सकिन्छ । नेपालमा चिसोपानी भएका सुनकोशी, अरुण, लिखु, तमोर, तामाकोशी, कमला, मरिण, बागमती, त्रिशूली, नारायणी, कर्णाली, बबई, भेरी, सेती महाकालीजस्ता नदीनालामा असला, सहर र गर्दीजातका माछा पाइन्छ, जुन धेरै मानिसका जिब्रोमा स्वाद झुण्डिएको हुन्छ । यी माछाहरू ढिलो बढ्छन्, कसरी प्रजनन र उत्पादन हुन्छ भनेर थाहा हुनुपर्छ । माछाखेतीलाई लामो समय लाग्यो भने खर्चिलो हुन्छ । त्यसैले चाँडो बढ्ने माछा चाहिन्छ । नेपालमा कमन, विगहेड, ग्रास, सिल्भर, रहु, नैनी, भाकुर, टिलापिया, पंगासजस्ता माछाको व्यावसायिक उत्पादन गरिँदै आएको छ, जुन छिटो बढ्छन् र किसानलाई फाइदा दिन्छ । अहिले हामीले केही क्षेत्रमा व्यावसायिक माछाखेती गरिए पनि त्यसको उत्पादन कम छ । आधुनिक प्रविधिको प्रयोग गरी हालको उत्पादनमा तीन गुणा बढाउन सकिन्छ, अनि बल्ल युवाहरू यस क्षेत्रमा आकर्षित हुन सक्छन् । स्वदेशमै बस्न चाहने युवालाई माछा व्यवसायले रोजगारी र आम्दानीका हिसाबले राम्रो विकल्प दिनसक्नुपर्छ ।

नेपालीले औसतमा चार किलोभन्दा कम वार्षिक प्रतिव्यक्ति माछा खाइरहेका छौं । संसारको औसतसम्म पुऱ्याउन हामीले पाँच गुणा बढाउनुपर्छ । माछा पाल्ने क्षेत्र बढाउन बाँझो जमिनमा पोखरी खन्नपऱ्यो । उत्पादकत्व बढाउन कार्प माछामा नयाँ-नयाँ प्रविधिको प्रयोग गर्नुपर्छ । चाँडो बढ्ने जातहरू जस्तो टिलापिया र पंगासको खेती गर्नुपर्छ । माछामा प्रोटिन, भिटामिन र अन्य पौष्टिक तत्त्वहरू प्रशस्त पाइन्छ । हप्तामा कम्तीमा दुई-तीन पटक माछा खाएपछि स्वस्थ होइन्छ ।

सरकारी तथ्यांकअनुसार नेपालमा बर्सेनि जम्माजम्मी एक लाख १३ हजार टन माछा उत्पादन हुन्छ । करिब १० हजार टन खासगरी पंगास र रहु भारतबाट आयात हुन्छ । केही माछा नर्बे, भियतनाम र अरु देशबाट पनि आयात गरिन्छ । संसारभर करिब ६०० जातका व्यावसायिक माछाका जात पाइन्छ । जमिनमा हुने कीरा फट्याङ्ग्राभन्दा पानीमा हुने माछालगायतका जीवजन्तु धेरै हुन्छन् । तराईका केही जिल्लाबाट माछा भारतमा पनि निर्यात हुन्छ, किनभने उत्तर प्रदेश र बिहारमा तेती माछाखेती छैन । त्यसकारण तराई क्षेत्रमा प्रशस्त माछा उत्पादन गर्नसके भारत निकासी गरेर किसानले मनग्य आम्दानी गर्न सक्छन् ।

जलवायु परिवर्तनको असरजस्तै खडेरीले खोलानाला र तलाउ सुक्यो, पानी कम भयो भने पक्कै पनि असर पर्छ । माछाका लागि बनाएको पोखरीबाट जलवायु परिवर्तनको असर कम गर्नमा मद्दत मिल्छ । पोखरीको वरपर बाख्रा, कुखुरा, सुँगुर, बंगुर, हाँस, खुकुरापालन तथा केराखेती, फलफूल, तरकारी र धान उब्जनी गरेर दोहोरो लाभ लिन सकिन्छ । माछामा खासगरी ब्याक्टेरिया र भाइरस तथा प्यारासाइट वा जुम्राजस्ता रोग लाग्छ जसले गर्दा माछा मर्न सक्छ । पोखरीमा धेरै माछा हालियो तर पानी कम भयो भने अक्सिजनको अभाव भएमा पनि माछा मर्न सक्छन् ।

माछाको खेती बढाउन सबै समुदायको भूमिका रहन्छ । बर्सात्को खहरेका पानी रोकेर राखेर पोखरी बनाउन सकिएमा माछापालनमा सहयोग पुग्छ । हाम्रा कोशी, कर्णाली, गण्डकीजस्ता सबै नदीमा माछा छन् । विद्युत्का लागि बाँध पूरै क्षेत्रमा बनाइएमा माछा खेल्ने र ओहोरदोहोर गर्ने बाटो बन्द हुनसक्छ । नदीनालाको कुनै माछा चिसो पानीमा बस्छन् अनि अण्डा पार्ने बेलामा समुद्रतर्फ जान्छन् । कोही समुद्रबाट फूल पार्न चिसो पानीमा आउँछन् । त्यस्तो ओहोरदोहोर हुन्छ । विद्युत् उत्पादनका लागि बनाइएका बाँधहरूले गर्दा त्यो रोकियो र अण्डा नै पार्न नपाएपछि माछा स्वतः घट्छ नै । नदीमा माछा घट्ने यो एउटा मुख्य कारण हो ।

सुरुमा १९८०/८१ मा नेपालले एसियाली विकास बैंकसँग ऋण लिएर माछापालनको व्यावसायिक उत्पादन कार्य सुरु गरिएको हो । 'केज कल्चर' भनेर पोखराको फेवा र बेगनास ताल तथा इन्द्रसरोवरमा सुरु गरियो । रूपन्देही, बारा, पर्सा चितवनको माडी क्षेत्रमा माछापालन गर्ने व्यावसायिक समूह छन् । नीति निर्माण काठमाडौंबाट हुने कार्यक्षेत्र भने तराई हुँदा पनि केही समस्या भएको छ । माछापालनका सफल उदाहरण प्रस्तुत गरी यसको विकासमा सामाजिक सञ्जालले पनि प्रोत्साहन गरेको छ ।

माछा मानिसको शरीरका लागि स्वास्थ्यकर तथा पोषणयुक्त खाना हो । यो सजिलैसँग पच्छ अनि सबै उमेर समूहलाई राम्रो गर्छ । अन्य मासुको तुलनामा चिकित्सकले पनि माछा खान सिफारिस गर्छन् । मानिसको शरीरलाई चाहिने धेरै पौष्टिकतत्त्व माछाबाट प्राप्त गर्न सकिन्छ । कति मानिसले नबुझेर माछा खाइरहेको छैन । काँडाको भय पनि उस्तै छ । खसीको मासु महँगो छ, कतिपय ठाउँमा खसीको मासु एक किलो किन्ने पैसाले माछा चार किलोसम्म आउँछ । खाद्यसुरक्षामा धेरै ठूलो माछाको योगदान छ । मानिस धान उत्पादनलाई जोड दिन्छ, तर त्यही खेतमा माछा उत्पादन गऱ्यो भने धेरै आम्दानी हुन्छ । अहिले मुलुकमा रहेको बाँझो जमिनमा माछाखेती गरिए युवा पलायन रोक्न र रोजगारी दिलाउन सकिन्छ । नेपालमा भात र आलु धेरै खाने गरिन्छ भने विदेशमा खासगरी थाइल्याण्ड, भियतनाम, जापान र कोरियामा माछालगायतका वस्तु धेरै खाने भात भने थोरै खाने चलन छ ।

चिकित्सकले कतिपय अवस्थामा रातो मासु खानु हुन्न भनिरहेको बेला आमनेपालीलाई माछा महत्त्वपूर्ण खुराक बन्न सक्छ । विश्वमै विस्तारै माछाप्रति आकर्षण बढेको छ । बाहिरबाट आयातीतभन्दा स्थानीयलाई जोड दिनुपर्छ । माछा व्यवसाय गर्ने युवालाई प्रविधिसम्बन्धी जानकारी र तालिम दिन र बजारको व्यवस्था गर्नुपर्छ । युवाहरूमा इच्छा हुनपऱ्यो । त्यसका लागि विशेषज्ञसँग परामर्श गर्नुपर्छ । जसबाट धेरै लाभ प्राप्त गर्न सकियोस् । व्यवसाय गर्नुअघि कार्यक्रम र योजना बनाउनुपर्छ । माछापालनका लागि सरकारले सहयोग र बैंकले सहुलियत कर्जा दिन्छ । किसानले त्यसको उचित सदुपयोग गर्नुपर्छ । माछापालन गरेर कयौं नेपाली पर्यटकका रूपमा विदेश भ्रमण गएका उदाहरण छन् । विदेशमा काम गरेर फर्केकाले पनि माछापालन गरेका छन् र यसप्रति आकर्षण छ । त्यसैले पछिल्लो समय माछा व्यवसाय नेपालमा फस्टाउँदो छ ।

*(डा. भुजेल थाइल्याण्डस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा मत्स्य विषयका रिसर्च एसोसिएटेड प्रोफेसर तथा एक्वा सेन्टरका डाइरेक्टर हुन् । उनीसँग नेपालमा माछा व्यवसाय, रोजगारी र खाद्य सुरक्षालगायतका विषयमा केन्द्रित रही राससले गरेको कुराकानीमा आधारित)*

## पाठक मञ्च

# मन्दीले बैंकको कालोसूचीमा पर्दै व्यवसायी

अहिले देश पूरै मन्दीमा डुबेको छ । पछिल्लो समय राष्ट्रिय दैनिक पत्रपत्रिकादेखि साप्ताहिक पत्रिकासम्ममा बैंक तथा वित्तीय संस्थाको धितो लिलामसम्बन्धी सूचना देखिन्छन् । ऋणीले कर्जा नतिरेपछि उसको नाममा भएका घरजग्गा, गाडी, सेयर लिलाम गर्न बैंकले पत्रपत्रिकामा ३५ दिने सूचना निकाल्छ ।

हरेकजसो पत्रिकामा अहिले त्यस्ता लिलाम सूचना छापिएको हुन्छ । त्यो पनि एउटा बैंक, वित्तीय संस्थाको मात्र नभई पाँचदेखि दर्जनसम्मको । तर, बैंकले यसरी लिलाम गर्ने धितो पनि किन्ने कोही छैनन् । बैंकले उठाउनु छ करोड, धितो बेच्दा आउँछ ५० लाख ।

नेपाल राष्ट्र बैंक हप्तैपिच्छे बैंकबाट तरलता तान्छ । बैंकमा कर्जा माग्न जाने कोही छैन । अर्कोतर्फ, बैंकको ऋण नतिर्न नसकेर एक लाख २५ हजार कालोसूचीमा परिसकेका छन् । अब यो संख्या केही समयमै पाँच लाख पुग्ने बजारमा व्यापक चर्चा छ ।

गाडी किन्ने कोही छैनन् । अटो शोरुमहरूले छिमेकी मुलुक भारत र चीनबाट हजारौं नयाँ गाडी (दुई तथा चार पांग्रे) किनेर ल्याएका छन् । तर, बिक्री नभएपछि थन्क्याएर राखिएको अवस्था छ । त्यसो त पाँच वर्षअघि करोडौं भनिएका गाडी अहिले लाखौंमा नबिकेको परिस्थिति छ । घरजग्गा कारोबार पनि ठप्प छ । मालपोत कार्यालय सुनसान देखिन्छन् । दलाल, भूमाफिया, लेखनदासहरू निराश छन् । घरजग्गा कारोबार शून्यबराबर भएपछि उनीहरूलाई घरखर्च धान्न मुस्किल परेको छ ।

सेयरमा लगानी गर्नेहरू पनि डुबिरहेका छन् । सेयर बैंक, वित्तीय संस्था वा जलविद्युत् कम्पनीहरूले प्रतिकित्ता १०० रूपैयाँमा निष्काशन गरेका हुन् । तर, दलालहरूले मूल्य बढाएर ३५ सयसम्म पुऱ्याए । त्यति चर्कोमा सेयर किन्नेहरू अहिले चुर्लुम्मै भएका छन् ।

व्यापारी तथा व्यवसायीहरू भन्छन्, 'मन्दी आयो, डुबियो ।' निजी संघसंस्था, होटल, रेस्टुरेन्ट, पसल, घरेलु काम गर्नेहरूले छ महिनादेखि वर्षौं भइसक्यो तलब नपाएको । मासिक पाँच हजारदेखि बढीमा १२ हजार रूपैयाँ तलबमा काम गरिरहेका उनीहरू त्यो तलब पनि नपाएपछि मारमा परेका छन् । काम छोडौं भने तलब पनि माया मार्नुपऱ्यो, काम गरौं भने तलबविना कसरी गर्नु, उनीहरू दोहोरो मारमा परेका छन् । महालेखापरीक्षकको कार्यालय भन्छ-सरकारको आम्दानीभन्दा खर्च धेरै भयो । सहकारी डुबे । लघुवित्त, फाइनान्स पनि डुबे । बैंकमा समस्या आइसकेको छ । बैंक, वित्तीय संस्थासँगै जलविद्युत् कम्पनीहरू पनि धमाधम डुब्दै छन् । तर, दलालीहरू अझै भ्रम सिर्जना गरेर जनता फसाउन लागिपरेका छन् । यस्तो अवस्थामासमेत उनीहरू सेयरको मूल्य बढाइरहेका छन् । र, सोझासाझा जनता डुबाइरहेका छन् ।

– **रामचन्द्र श्रेष्ठ**, बानेश्वर

# सोलुमा हिउँले ढाकेका भाग घट्दै

■ सुवास दर्नाल



**सोलुखुम्बु–** दशकौंदेखि यहाँ हिमाल, चिसो बतास र आकाश छोएर उभिएजस्ता देखिने चम्किला चुच्चुराबाट यो जिल्ला परिचित रहँदै आएको थियो । यसबाट पर्यटक मोहित हुन्थे । पछिल्ला दिन हिमालमा हिउँ कम पर्न थालेको छ । 'अर्कै युग सुरु भएको छ जस्तो लाग्छ,' खुम्बुका वृद्ध पासाङ शेर्पाले भने, 'बाल्यकालदेखि सेताम्य हिमालमात्रै देख्यौं, तर अहिले त पहाडको आधा भाग कालो चट्टानजस्तो देखिन्छ, हेर्नुस् त हाम्रो आँखैअघि देखिएका यी हिमाल कहाँ हिमालजस्ता छन् र ? कति धेरै फरक भइसक्यो ।'

दुई दशकअघिसम्म जिल्लाको माथिल्लो भाग नाम्चे, खुम्जुङ, तेङ्बोचे, लोबुचेदेखि गोरक्षेपसम्म हिउँले भरिएको देखिन्थ्यो । तर हालका वर्षमा हिउँ पर्ने समय छोटिएको मात्र होइन, पर्वतको सतहमा टाँसिएको हिउँका कण पनि तीव्र गतिमा पग्लिन थालेको स्थानीय लामाकाजी शेर्पाले बताए । विगतमा वर्षभरि नै सेतो हिउँले ढपक्कै ढाकिने सगरमाथा, ल्होत्से, नुप्चे, आमादब्लम, थामसेर्कुजस्ता हिमाल अहिले कालो चट्टान र पर्वतका रङ स्पष्ट देखिनु आजभोलिको सामान्य दृश्यजस्तै बनेको छ । सगमाथा क्षेत्र अवलोकनका लागि आउने पर्यटक उक्त अस्वाभाविक दृश्य देखेर अचम्मित हुने गर्छन् भने स्थानीयलाई भने सोही दृश्य अब सामान्यजस्तै लाग्न थालेका छन् ।

'भ्रमणकर्ताहरूको जिज्ञासापछि हामी पनि सोच्न बाध्य हुन्छौं नत्र अब त हामीलाई सामान्यजस्तै लाग्न थालिसक्यो किनकि यो प्रक्रिया तीव्रगतिमा बढिरहेको छ, सोधौं हामीले कसलाई सोध्ने ? रोकौं कसरी रोक्ने ? केही विकल्प नहुँदा हामी चुपचाप बस्न बाध्य छौं,' खुम्जुङका फुडोमा शेर्पाले भने ।

'पृथ्वी तातो हुँदा हिमालको हिउँ हरेक वर्ष पातलो हुँदै गएको हो,' सगरमाथा राष्ट्रिय निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत भूमिराज उपाध्याय भन्छन्, 'हिउँले ढाकेका भाग घट्दै गएका छन् ।' हालका वर्षमा मौसमचक्र नै उल्टो भएको स्थानीयको बुझाइ छ । जोरसल्लेका पेमा शेर्पा भन्छन् 'पहिलेदेखि जाडो कडा हुन्थ्यो तर सहन सकिन्थ्यो । अहिले भने जाडोमा हड्डी नै कटकट दुख्नेगरी चिसो हुन्छ । गर्मीमा त झनै, हिमालकै काखमा बसेर पनि पसिना आउनेगरी तातो हुन्छ ।

उच्च हिमाली क्षेत्रमा सन् १९७० पछि तापक्रम करिब १.५ डिग्री सेल्सियसले बढेको बताइएको छ । तापमानले रेखा नाघेपछि हिमालको सतहमा जम्ने हिउँको मात्रा घट्ने, जमिसकेको हिउँ द्रुत पग्लने र पर्वतको चट्टानी भाग खुला देखिनु स्वाभाविक प्रक्रियाजस्तै बन्दै गएको वातावरणविद् राजन थापाको भनाइ छ ।

उनी भन्छन्, 'हिमालमा कालो रङ देखिनु केवल हिउँ पग्लिनुको कारण होइन । विशेष कारणमध्ये हिमालबाट खसेको ठूलो चट्टान सतह, सुक्खा हिउँ पग्लेर बनेको चट्टानी पट्टी, वायुमण्डलबाट जम्मा हुने ब्ल्याक कार्बन र निकुञ्ज क्षेत्रमा बढ्दो मानवीय गतिविधि-मुख्यरूपमा उल्लेखनीय छन् ।'

गत वर्षको साउन ३२ गते शुक्रबार दिउँसो थामेखोलामा आएको बाढीले खुम्बु क्षेत्रमा वितण्डा मच्चियो । स्थानीयहरू अझै पनि त्यो क्षण सम्झँदा डराउँछन् । यसले २० भन्दा बढी घरमा क्षति पुऱ्यायो । विद्यालय, स्वास्थ्यचौकीसहित सरकारी संरचनादेखि पर्यटक पदमार्ग तथा स्थानीयको घर खेत, कामचलाउ संरचना, पशुका गोठ, जलविद्युत् आयोजनासमेत बगाएर लग्यो । थामेको बाढी तल झर्दै आइपुग्दा फाक्दिङ-नाम्चे जाने मुख्य पर्यटकीय पदमार्ग नै कटान गरियो ।

खुम्बु क्षेत्रको पर्यटनलाई नेपालको सम्पूर्ण पर्यटन आयको मेरुदण्ड मानिन्छ । त्यही मेरुदण्ड जलवायु संकटका कारण हरेक वर्ष कम्जोर हुँदै गएको छ । फेरिचे, इम्जा र खुम्बु क्षेत्रमा हिमतालको विस्तार तीव्र गतिमा बढेको छ । इम्जा ताल २० वर्षमा ६५ प्रतिशतले ठूलो भएको तथ्यले खुम्बु क्षेत्रमा जलवायु परिवर्तन कति तेज छ भन्ने स्पष्ट संकेत दिएको छ ।

इम्जा, थामसेर्कु बेसिन, खुम्बु बेसिनजस्ता क्षेत्र अहिले उच्च जोखिम सूचीमा रहेका बताइएको छ । खुम्बुका पशी लामा भन्छन्, 'पहिला हामी हिमताल फुट्ने कथा सुन्थ्यौं, अब त्यसैको डर लिएर दिन बित्छ । हिउँ पग्लिएर ताल ठूलो हुँदै गएपछि यहाँका गाउँ, पुल, बाटो, बस्ती सबै जोखिममा छन् ।'

यहाँको पहिचान यहाँको जीवनशैली हिमालसँग गाँसिएको छ । पहिलादेखि सधैं हिउँले भरिएको चिसो मौसममा गोठमा पशु राख्ने, पानी हिउँबाट पगालेर प्रयोग गर्ने, खेतीपाती तय गर्ने परम्परा पनि बदलिन थालेको छ । हिउँ कम परेपछि खोला नालामा पानी घटेको छ । दूधकोशी, इम्जा खोला, खोलाजस्ता स्रोत वर्षायामपछि मात्र बढ्छन्, तर हिउँ पग्लिने गति अनिश्चित भएकोले सुक्खा मौसममा पानी अभाव देखिन थालेको छ ।

जलवायु परिवर्तनसँगै ट्रेकिङ मार्गमा पहिरो, हिउँपहिरो र चट्टान खस्ने जोखिम बढेको उनको तर्क छ । स्थानीय गाइड बल दर्नाल भन्छन्, 'पहिला जसरी योजना बनाइन्थ्यो, अहिले मौसम अनिश्चित भएकाले पर्यटकका लागि जोखिमको हिसाबले धेरै सावधानी आवश्यक हुन्छ ।' यहाँको पहिचान जोखिममा पर्न सक्ने आरोही स्पीडकाजी शेर्पाको चिन्ता छ । *रासस*

# आगजनी र तोडफोडमा संलग्न भएको आरोपमा १० जना पक्राउ

**सुदूरपश्चिम (प्रस)–** जेन-जी आन्दोलनका क्रममा गत भदौ २४ गते धनगढीस्थित कैलाली जिल्ला अदालत र कारागार कार्यालयमा तोडफोड र आगजनी गरेको अभियोगमा १० जनाई पक्राउ गरिएको छ ।

जिल्ला अदालतमा तोडफोड र आगजनीमा संलग्न भएको अरोपमा धनगढी उपमहानगरपालिका-३ का २४ वर्षीय आषिश भण्डारी, बैतडी जिल्ला घर भई हाल धनगढी उपमहानगर-३ बस्ने भरत बम र सोही ठाउँ बस्ने अमन केसी, वडा-७ का २७ वर्षीय एलेक्स चन्द, २१ वर्षीय लक्ष्मणबहादुर विष्ट र वडा-१ बस्ने मनोज विष्टलाई पक्राउ गरिएको हो ।

कैलाली कारागारमा तोडफोड र आगजनी गरेको आरोपमा धनगढी-२ का २८ वर्षीय गोपाल भट्ट, वडा-३ का जेम्स भन्ने सुरज कटुवाल, वडा-९ बस्ने ४० वर्षका वसन्तराज जोशी र १९ वर्षका अंकित सक्सेनालाई पक्राउ गरिएको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कैलाशसिंह विष्टले फरक-फरक मितिमा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए । पक्राउ परेकामाथि आपराधिक उपद्रवको मुद्दा चलाइएको छ ।

जिल्ला अदालतले तोडफोड र आगजनी घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही गर्नका लागि दिइएको जाहेरीका आधारमा प्रहरी टोलीले विभिन्न ठाउँबाट उनीहरूलाई पक्राउ गरेको हो ।

आन्दोलनको क्रममा जिल्ला अदालत आगजनी र तोडफोड हुँदा भवनमा क्षति पुग्नुका साथै विभिन्न मुद्दाका मिसिल, कम्प्युटरलगायत जिन्सी सामानमा क्षति पुगेको थियो । कैलाली कारागारमा भएको तोडफोडका क्रममा कारागारको भौतिक संरचनामा क्षति पुग्नुका साथै त्यहाँ रहेका कैदीबन्दी फरार भएका थिए ।

कैलालीको भजनी नगरपालिका-९ गञ्जहुवा गाउँस्थित सरस्वती सामुदायिक वन क्षेत्रको लम्की ताल छेउमा रहेको रुखको टोड्कोमा लुकाइछिपाइ राखिएको अवस्थामा बुधबार एक नाले भरुवा बन्दुक बेवारिसे अवस्थामा प्रहरीले बरामद गरेको छ ।


## कुवेतमा रोजगार

कम्पनी : RAW POPS SWEETS AND PASTRIES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 335108 | चलानी नं. ६०२४८७२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 3 | 0 | 90 | ४१,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74

NEPAL HR SOLUTION PVT. LTD.

Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554

E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



## युएइमा रोजगार

कम्पनी : NEAT UR NEST CLEANING SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 335045 | चलानी नं. ६०२४८७१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 3 | 1500 | ५८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt.Lic. No 1726/081/082

S.N.K. FACILITIES MANAGEMENT PVT. LTD.

Bafal-13, Kathmandu, Nepal, T: 01-5922923

Mob: 9860603888, 9851049837, Email:- snkhrc@gmail.com, Web: www.snkmanpower.com



## युएइमा रोजगार

कम्पनी : AL MUSTADAM CLEANING AND MAINTENANCE L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०४/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 328210 | चलानी नं. ६०२४२२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 14 | 0 | 1000 | ३८,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CAREERLINE FOR EMPLOYMENT

पूर्व स्वीकृति मिति : २०८१/०९/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 316136 | चलानी नं. ६०२३०३००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 3 | 0 | 800 | ३१,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 15 | 0 | 1200 | ४६,७२० | | | | | | | |
| 3 | Mason (Nepal) | 14 | 0 | 1200 | ४६,७२० | | | | | | | |
| 4 | Steal Fixer | 38 | 0 | 1200 | ४६,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


LIC 1675/080/81

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD

Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com


## Roshi Rural Municipality

Roshi-07, Kavre

Bagmati Province, Nepal

### NOTICE FOR TENDER PUBLICATION

Date of Publication : 2082/08/26

This is to notify that online invitation for bids published for following project listed in the E-GP System(https://bolpatra.gov.np/egp) of government of Nepal, Bidders can only bid electronically for further details bidders are Requested to visit the project office atRoshi-7, Kavrepalanchok or PPMO' Website https://bolpatra.gov.np/egp

**Contract Details**

| Name Of Project | Contract ID | Estimate Amount (With VAT and PS) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| Ghatte khola chhap Ningale sadak Nirman | RRM/GCNS/W/NCB/07-2082/83 | 24,24,582.37 | 63,000.00 | 3000 |
| Sandopalari Boudha Sikshya AAdhyan Kendra | RRM/SBSK/W/NCB/08-2082/83 | 63,09,891.48 | 1,65000.00 | 3000 |
| Bhimkhori Samudaayik Swasthya Akai Sudridhikaran Roshi-12 | RRM/BSSA/W/NCB/09-2082/83 | 14,55,190.46 | 38,000.00 | 1000 |

**Chief Administration Officer**

## बर्जु गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

अमाहिबेल्हा, सुनसरी

कोशी प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०८/२६

यस कार्यालयको मिति २०८२/०६/३० गते e-GP-II System मार्फत बोलपत्र आह्वान गरि मिति २०८१/०८/०१ गते खोलिएको बोलपत्रको प्राविधिक पक्षहरु मुल्यांकन सम्पन्न भएको हुँदा तपशिल बमोजिमको बोलपत्रदताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४, को नियम ३१ (ज) उपनियम ५ बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरूको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ ।

**आर्थिक प्रस्ताव खोलिने मिति र समय** :– (२०८२/०९/०४ गते दिउसो १:०० बजे ।

**स्थान** :– बर्जु गाउँपालिकाको कार्यालय, अमाहिबेल्हा, सुनसरी ।

**तपशिल**

| S. N | IFB Number | Name of Contract | Substantially Responsive Bidder in Technical Bid |
|---|---|---|---|
| 1 | BRM/ SUNSARI/ NCB/ WORKS/ 01/ 2082/83 | CONSTRUCTION OF BLACK TOPPED AND RCC ROAD OF BARJU GA. PA. WADA 4 SAHEBGUNJ BUDHI KHOLA DEKHI BARJU 3 BIRATNAGAR SAMMA JODNE BATO | 1. JoshilaNirmanSewa Pvt. Ltd.<br>2. Shree Krishna Nirman Sewa, Ithari 9<br>3. Tejas - Nikita and Raj JV<br>4. P.G. Builders and suppilers- Dinesh Nirman Sewa JV<br>5. Kushwaha Brothers Engineering Solution |

प्रमुख प्रशासकीय अधिकृत


## बिमालेख हरायो

मिति २०८२/०८/०१ गते गोंगबुदेखि चावहिल जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : मिरा रामजाली**
**ठेगाना : म्याग्दी**
**बिमालेख नं.: ULI4000002664**
**युनियन लाइफ इन्स्योरेन्स लि.**
**सम्पर्क नं : ९८०३६१६८०६**

## बिमालेख हरायो

मिति २०८२/०८/०१ गते गोंगबुदेखि चावहिल जाने क्रममा मेरो निम्न व्यहोरा भएको **बिमालेख** हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**नाम : सिता रोका रामजाली**
**ठेगाना : म्याग्दी**
**बिमालेख नं.: ULI4000002663**
**युनियन लाइफ इन्स्योरेन्स लि.**
**सम्पर्क नं : ९८०३६१६८०६**

## मोटरसाइकल हराएको सूचना

मिति २०८२।०७।२६ गते भक्तपुर नगरपालिका वडा नं. ४ गपलीस्थित पार्किङ गरिराखेको कालो/रातो रङ्गको बजाज कम्पनीको २२० सिसीको पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम : विनोद गौतम**
**बाइक नं.: बा.प्र. ०२-०५५ प ३७७१**
**च्यासिस नं.: MD2A13EXBRCH 83683**
**इन्जिन नं. : DKXCRH 49050**
**ठेगाना : रामेछाप लखनपुर**
**सम्पर्क नं. ९८४१२६६७६५**


## नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखा

### पत्रकारिता तालिममा सहभागी हुने सुवर्ण अवसर

नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखाको समन्वय तथा गोदावरी नगरपालिका, बज्रबाराही, चापागाउँ, ललितपुरको वित्तीय सहयोगमा **मिडिया साक्षरता सम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम** निम्न मितिमा सञ्चालन हुन गइरहेको हुनाले अभिमुखीकरण कार्यक्रममा सहभागी हुन इच्छुक नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखामा आवद्ध सदस्यज्यूहरू तथा ललितपुर जिल्लामा क्रियाशील स्थानीय पत्रकारहरूलाई सम्पर्क गर्न हुन अनुरोध छ । पहिले आवेदन दिने पत्रकारलाई तालिममा सहभागिताका लागि पहिलो प्राथमिकता दिइनेछ । महिला, दलित, आदिवासी जनजाति समुदायका लागि विशेष प्रथामिकता दिईनेछ ।

शुरु हुने : २०८२ पुस ४ गते, शुक्रबार
समापन: २०८२ पुस ५ गते, शनिबार

**सम्पर्क व्यक्ति र सम्पर्क नम्बर:**
रामहरि कार्की, अध्यक्ष ९८५१०८७९६६
केशरी पुन, उपाध्यक्ष, ९८४३४५४६९९
दिपक अर्याल, सचिव ९८५१२११९१५
कृष्ण पौडेल, कोषाध्यक्ष ९८५११५५१०९

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा
इमेल: fnjlalitpur2049@gmail.com

# प्रभाव दैनिक

शुक्रबार, २६ मंसिर २०८२ (Friday, 12 December 2025)


रूपशाला

## 'हरामी' को प्रमोसनल गीत सार्वजनिक

'बिटी कान्छा' को उपनामले परिचित विश्वास तिमल्सेनाको लेखन तथा निर्देशन रहेको सिरिज 'हरामी' को शीर्ष गीत सार्वजनिक गरिएको छ । हरी, राहुल र मिलन नामका तीन चरित्रको पहिलो अक्षरमा आधारित भई नामांकन गरिएको 'हरामी' ले सोही बोलको प्रमोसनल गीत सार्वजनिक गरेको हो । मन प्रोडक्सनले निर्माण गरेको उक्त सिरिजको सार्वजनिक गीतमा शब्द, संगीत र गायन साइलाको रहेको छ । संगीत निर्माण समिरन राणाले गरेका हुन् । 'कमेडी दरबार' भित्र विभिन्न भूमिकामा देखिने बिटी कान्छाले सिरिजमा पनि विभिन्न विषयलाई प्रस्तुत गर्ने जमर्को गरेका छन् ।




रंगशाला

एनपिएल क्रिकेट

# लुम्बिनी लायन्स फाइनलमा उपाधिका लागि सुदूरपश्चिमसँग खेल्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** लुम्बिनी लायन्स दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) को फाइनलमा पुगेको छ । बिहीबार सम्पन्न दोस्रो क्वालिफायरमा विराटनगर किंग्सलाई ४० रनले पराजित गरेर लुम्बिनीले उपाधि भिडन्त पक्का गरेको हो । लुम्बिनीले अब फाइनलमा शनिबार सुदूरपश्चिम रोयल्ससँग खेल्ने छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको लुम्बिनी लायन्सले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १३४ रन बनायो । १३५ रनको लक्ष्य पछ्याएको विराटनगरले १७.४ ओभरमा सबै विकेट गुमाउँदै ९४ रनमात्र बनाउन सक्यो । विराटनगरका लागि साम हेजल्टले सर्वाधिक ३४ रन बनाए । यस्तै नरेन भट्टले २१ रन बनाए । बलिङतर्फ लुम्बिनीका लागि तिलक भण्डारीले तीन, रूबेन ट्रम्पलम्यान, अभिषेश गौतम र जेजे स्मिथले दुई-दुई विकेट लिए ।

त्यसअघि पहिला ब्याटिङ गर्ने क्रममा लुम्बिनीका लागि डार्शी शर्टले सर्वाधिक ४५ रनको योगदान दिएका थिए । उनले ४१ बल खेल्दै तीन चौका र एक छक्का प्रहार गरेका थिए । त्यसैगरी कप्तान रोहितकुमार पौडेलले ३० बलमा दुई चौका र दुई छक्काको मद्दतमा ३४ रन बनाए । यस्तै निशोसन डिक्वेलाले २२ बलमा चार चौका प्रहार गर्दै २९ रन जोडे । रुबेल ट्रम्पलम्यानले अविजित ११ रन बनाए । बलिङतर्फ विराटनगरका सुवास भण्डारी र प्रशित जिसीले समान तीन-तीन तथा कप्तान सन्दीप लामिछानेले दुई विकेट लिए । एनपिएलको फाइनल खेल शनिबार हुने छ ।

# ११औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड सुरु

**म्याग्दी (बेनी)-** जिल्ला सदरमुकाम बेनीमा ११औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिता सुरु भएको छ । जिल्ला खेलकुद विकास समिति म्याग्दीको आयोजनामा सञ्चालन भएको प्रतियोगिताको पूर्वऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्री खमबहादुर गर्बुजाले बिहीबार उद्घाटन गरेका छन् ।

प्रतियोगितामा जिल्लास्थित एक नगरपालिकासहित पाँच गाउँपालिकाबाट छनोट भएका विद्यार्थीले सहभागिता जनाएका छन् । पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा विजेता बनेर विद्यार्थी छनोट भई जिल्लास्तरीय खेलमा सहभागी भएका हुन् । दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा ४०० विद्यार्थीको सहभागिता रहेको आयोजकले जनाएको छ ।

छात्र र छात्रातर्फ भलिबल, कबड्डी र



एथलेटिक्सतर्फ विभिन्न विद्यामा गरी कूल ४२ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुने जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन श्रेष्ठले जानकारी दिए । उनका अनुसार विजेता खेलाडी गण्डकी प्रदेशस्तरीय प्रतियोगिताका लागि छनोट हुने छन् ।

प्रथम हुने पालिकालाई २० हजार रूपैयाँका साथमा रनिङ शिल्ड, ट्रफी, मेडल र प्रमाणपत्र, द्वितीय र तृतीय हुने पालिकालाई क्रमशः १५ हजार र १० हजार रूपैयाँका साथमा ट्रफी, मेडल र प्रमाणपत्रद्वारा पुरस्कृत गरिने खेलकुद विकास समितिले जनाएको छ ।

प्रतियोगिताको उद्घाटन समारोहमा पूर्वराज्यमन्त्री गर्बुजाले खेलकुदले युवा विद्यार्थीमा प्रतिस्पर्धी क्षमताको विकास गर्दै मुलुकका लागि हरेक क्षेत्रमा आवश्यक जनशक्ति उत्पादनमा सघाउ पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रममा जिल्ला समन्वय समितिका कार्यवहाक प्रमुख डिलकुमारी खत्री, बेनी नगरपालिकाका प्रमुख सुरत केसी र नेपाल पत्रकार महासंघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतमले पालिकास्तरमा पहिचान भएका खेलाडीलाई जिल्ला, प्रदेशहुँदै राष्ट्रियस्तरसम्म पुग्नका लागि रनिङ शिल्ड प्रतियोगिताले सहयोग पुऱ्याउनेमा जोड दिएका थिए । *रासस*

# 'वनफूलको विद्रोह'

## कविता कृति सार्वजनिक




**काठमाडौं (प्रस)–** सभ्यता अन्वेषण केन्द्रले बिहीबार यहाँ आयोजित एक कार्यक्रमकाबीच कवयत्री निरञ्जना चन्द 'निरु' द्वारा रचित कविता कृति 'वनफूलको विद्रोह' को सार्वजनिक गरिएको छ ।

विविध साहित्यिक व्यक्तित्व, भाषाविद्, अध्येता तथा कलाप्रेमीहरूको उल्लेखनीय उपस्थिति रहेको उक्त कार्यक्रममा सो कविता कृति विमोचन गरिएको हो । विमोचन समारोहका प्रमुख अतिथि तथा नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्वकुलपति गंगाप्रसाद उप्रेतीले कृतिको चर्चा गर्दै कवयत्री चन्दको लेखनशैली समकालीन समाजका यथार्थ, अनुभूति र मानवीय संवेदनशीलतालाई सशक्तरूपमा अभिव्यक्त गर्ने खालका रहेको उल्लेख गरे ।

'म २०७८ सालको प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित कविता महोत्सवदेखि नै कवयत्री चन्दको लेखकीय क्षमता र उहाँको भावनात्मक गहिराइबाट प्रभावित भएको छु,' उनले स्मरण गर्दै भने, 'चन्दका कविताहरू मार्मिक छन्, तिख्खर छन् र पाठकको अन्तरमनलाई छुने शक्तिले भरिपूर्ण छन् ।'

'वनफूलको विद्रोह' शीर्षककै संरचनाले कवयत्रीले प्रकृतिको प्रतीकमार्फत विद्रोह, स्वतन्त्रता, अस्तित्व तथा सामाजिक न्यायका पक्षमा उठान गरेको स्पष्ट संकेत गरेको पूर्वकुलपति उप्रेतीले बताए । उनले चन्दका शब्द-चयन, छन्दगत लय र भावनात्मक तीक्ष्णतालाई विशेष प्रशंसनीय भएको उल्लेख गरे ।

कार्यक्रममा प्रा. जीविन्द्रदेव गिरी, प्रा. जगत उपाध्याय, प्रा. हेमनाथ पौडेल, प्रा. देवी नेपाललगायतले पनि कवयत्री चन्दका साहित्यिक योगदान र कृतिमा समावेश विषयवस्तुका विविध आयामबारे प्रशंसा गरेका थिए । चन्दका कविता प्रायः जीवनका उतारचढाव, संवेदना, सामाजिक यथार्थ र मानवीय भावनामा केन्द्रित हुने गरेका छन् ।

# पनौतीमा पुस पहिलो साता जिल्लाव्यापी तेक्वान्दो प्रतियोगिता

**काभ्रेपलाञ्चोक (प्रस)–** पनौती नगरपालिकामा आगामी पुस ४ गतेदेखि काभ्रेपलाञ्चोक जिल्लाव्यापी प्रथम तेक्वान्दो प्रतियोगिता-२०८२ आयोजना हुने भएको छ । पनौती-१, २ र ३ को आयोजनामा कुशादेवीमा हुने तीन दिने प्रतियोगितामा जिल्लाका १७ मध्ये १३ डोजाङका ४०० खेलाडी सहभागी हुने जनाइएको छ ।

कुशादेवी तेक्वान्दो डोजाङको सहआयोजनामा हुने प्रतियोगितामा विभिन्न २० वटा इभेन्टमा प्रतिस्पर्धा हुने छ । पनौती-२ का वडाध्यक्ष पुरुषोत्तम अधिकारीले महिलातर्फ २० केजीदेखि ५८ केजीसम्म र पुरुषतर्फ २२ केजीदेखि ६० केजी तौल समूहकाबीच प्रतिस्पर्धा हुने बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उनका अनुसार यस्तै २० स्वर्ण, २० कास्य र ४० वटा रजत मेडलसहित प्रथम ट्रफी, दोस्रो ट्रफी र नगद पुरस्कारसमेत उपलब्ध गराइने छ ।

वि.सं. २०५२ देखि पनौतीमा प्रशिक्षण सुरु गरिएकामा नगरबाट अन्तर्राष्ट्रिय खेलमा सञ्जीव प्रधान, रामहरी महत, दिपेन्द्र थापा, विनोद थापा, सुरज घिमिरेलगायत खेलाडीले 'गोल्ड मेडल' (स्वर्ण पदक) जितिसकेका छन् ।


**साउदीमा रोजगार** कम्पनी : SAFA SULEIMAN AI-SHARARI EST

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 335049 | चलानी नं. ६०२४८७१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE | 2 | 0 | 1200 | ४५,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, 9802358961/65, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com

**युएइमा रोजगार** कम्पनी : ACCURO SPECIALIST SUPPORT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 334823 | चलानी नं. ६०२४८७१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 100 | 1000 | ३८,९३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ४ गते (19th Sec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sadhana International Pvt. Ltd.
Old Baneshwor (near Himalayan Java), Kathmandu Nepal, Tel: +977 1 4390006, +9779802372147
श्रम ईजाजत नं. ७१५/०६४/०६५

**मलेसियामा रोजगार** कम्पनी : HARUMI BRANDS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०८/२५ | LT. No. 335074 | चलानी नं. ६०२४८७२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chicken Slaughterer | 25 | 0 | 1700 | ५९,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ पुस ४ गते (19th Dec. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SWIFT H.R. SOLUTION PVT. LTD.
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com
श्रम ईजाजत नं. ११९७/०७३/०७४


## सोताङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय

सोताङ, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८२।०८।२६)

यस कार्यालयको मिति २०८२।०६।२७ गते प्रकाशित सूचना बमोजिम तपसिल अनुसारको बोलपत्र आव्हान गरिएकोमा तोकिएको समयभित्र रितपूर्वक दर्ता हुन आएका बोलपत्रहरूको आर्थिक तथा प्राविधिक मूल्यांकन प्रचलित कानून बमोजिम मूल्यांकन समितिले गरी तपसिल अनुसारको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भएकोले स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सोहि दफाको उपदफा (३) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र. स. | कामको विवरण | छनौट भएको बोलपत्र दाता | (भ्याट पि.स सहित) कबोल रकम रू. |
|---|---|---|---|
| १. | Diplighat bajar, Barbot Aadharbhut Bidhyalaya, pachkanya Kalika Debimandir, khaharey Aabi, ward No3 karyala, zero point hudai Sotang Gaupalika Sammako Sadak stherunnati tatha kalopatrey (02/SRM/NCB/2082/083) | J.B.T.M- kaushitar J.V., Kathmandu Nepal | 21519529.11 |



इजिप्टको कायरोस्थित एक रेस्टुरेन्टमा ग्राहकहरूका लागि कोशरी तयार पार्दै एक शेफ। *तस्विरः सिन्हवा*

# म्यानमाको अस्पतालमा हवाई आक्रमण, ३१ जनाको मृत्यु

**म्यान्मा–** म्यानमाको अस्पतालमा भएको सैन्य हवाई आक्रमणमा ३० जनाभन्दा बढीको ज्यान गएको एक जना सहायता कार्यकर्तालाई उद्धृत गर्दै एएफपीले जनाएको छ।

म्यानमाको गृहयुद्ध सुरु भएदेखि जुन्टाले हवाई आक्रमण बढाएको द्वन्द्व पर्यवेक्षकहरूले बताएका छन्। सेनाले डिसेम्बर २८ देखि सुरु गर्ने मतदानको विरोध घोषणा गर्दै विद्रोहीहरूले यसलाई आफ्नो नियन्त्रणको क्षेत्रबाट रोक्ने वाचा गरेका छन्, जसलाई जुन्टाले फिर्ता लिन लडिरहेको छ।

एक सैन्य जेटले बुधबार साँझ बंगलादेशको सिमानामा रहेको पश्चिमी राखाइन राज्यको म्राक-यूको अस्पतालमा बम प्रहार गरेको अस्पतालका सहायताकर्मी वाई हुन आङले बताएका छन्।



अवस्था निकै डरलाग्दो भएको बताउँदै उनले ६८ जना घाइते भएकाले थप मानिसहरूको मृत्यु हुन सक्ने बताएका छन्। अस्पतालबाहिर जमिनमा कम्तीमा २० वटा शव देखिएको जनाइएको छ। जुन्टाका प्रवक्तालाई हालसम्म सम्पर्क गर्न नसकिएको जनाइएको छ। राखाइन राज्य लगभग पूर्णरूपमा अराकान आर्मी (एए) द्वारा नियन्त्रित छ भने एक जातीय अल्पसंख्यक समूह सेनाले लोकतान्त्रिक नेता आङ सान सुकीको नागरिक सरकारलाई अपदस्थ गर्नुभन्दा अघिदेखि सक्रिय छ।

स्वास्थ्य विभागको विज्ञप्तिमा हवाई आक्रमणमा अस्पतालका १० जना बिरामीको घटनास्थलमै मृत्यु भएको जनाइएको छ। शक्तिशाली प्रतिद्वन्द्वी ए-ए म्यानमालाई ध्वस्त पार्ने गृहयुद्धमा सबैभन्दा शक्तिशाली विपक्षी समूहहरूमध्ये एकको रूपमा देखापरेको छ, भने अन्य जातीय अल्पसंख्यक लडाकुहरू र प्रजातन्त्र समर्थक पक्षपातीहरू पनि सक्रिय छन्।

सेनाद्वारा सञ्चालित चुनावको संयुक्त राष्ट्रलगायतका पर्यवेक्षकहरूले व्यापक आलोचना गरेका भए पनि बेइजिङ आफ्नो छिमेकीमा 'सामाजिक स्थिरता पुनर्स्थापना' गर्नुपर्ने भन्दै प्रमुख समर्थकका रूपमा देखापरेको छ। द्वन्द्व पर्यवेक्षकहरूका अनुसार ए-एले जुन्टाका लागि शक्तिशाली विरोधी सावित भएको छ र अहिले राखाइनको १७ वटा बस्ती नियन्त्रण गरेको छ।

यस समूहलाई यस क्षेत्रका अधिकांश मुस्लिम रोहिंग्या जातीय अल्पसंख्यकहरूमाथि अत्याचार गरेको आरोप पनि लगाइएको छ। यसैबीच सेनाले राखाइनलाई अवरुद्ध गरेको छ, जसले मानवीय संकट, भोकमरी र कुपोषणमा वृद्धि गरेको विश्व खाद्य कार्यक्रमले बताएको छ। *रासस/एएफपी*

# पाकिस्तानका पूर्वगुप्तचर प्रमुखलाई १४ वर्षको जेल सजाय

**इस्लामाबाद–** पकिस्तानको सैन्य अदालतले पाकिस्तानको शक्तिशाली 'इन्टर-सर्भिस इन्टेलिजेन्स जासुसी' एजेन्सीका पूर्वप्रमुखलाई राज्यको गोप्यताको उल्लंघन र अख्तियारको दुरूपयोगलगायतका अभियोगमा १४ वर्षको जेल सजाय सुनाएको सेनाले बिहीबार जनाएको छ।

जेलमा रहेका पूर्वप्रधानमन्त्री इमरान खानको कार्यकालमा सेवा गरेका फैज हमिदलाई राजनीतिक गतिविधिमा संलग्न रही व्यक्तिहरूलाई गलत क्षति पुऱ्याएको अभियोगमा दोषी ठहर गरिएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ।



सन् २०२३ मा प्रकाशित सर्वोच्च अदालतको कागजातअनुसार फैज हमिदमाथि शक्तिको दुरूपयोग र निजी व्यवसायमा छापा मारेको आरोप लगाइएको छ। गुप्तचर प्रमुखलाई पाकिस्तानी सेनाको दोस्रो सबैभन्दा शक्तिशाली पद मानिन्छ।

लामो कानुनी कारवाहीपछि अभियुक्तलाई सबै अभियोगमा दोषी ठहर गरी अदालतले १४ वर्षको कारावासको सजाय सुनाएको विज्ञप्तिमा जनाइएको छ। विज्ञहरूका अनुसार फैज हमिद इमरान खानका कट्टर समर्थक थिए, जसलाई केही शीर्ष नेताहरूको समर्थन गुमाएपछि अविश्वास मतद्वारा हटाइएको थियो।

सेना प्रमुखको प्रतिष्ठित पदका लागि दावेदारका रूपमा रहेका जनरल, फैज हमिदले खानले सत्ता गुमाएको केही महिनापछि प्रारम्भिक सेवा निवृत्ति लिएको जनाइएको छ। यस लगतै उनलाई पाकिस्तानी सेना ऐन उल्लंघन गरेको पनि आरोप लगाइएको थियो। *रासस/एएफपी*

# सीमा विवाद र अमेरिकी शुल्क वृद्धिका कारण कम्बोडियाको आर्थिक वृद्धि सुस्त

**नोमपेन (कम्बोडिया)–** सम्पत्ति क्षेत्रमा गिरावट, थाइल्याण्डसँगको सीमा विवाद र अमेरिकी शुल्क वृद्धिले कम्बोडियाको आर्थिक वृद्धिमा बाधा पुऱ्याएको विश्व बैंकको आर्थिक प्रतिवेदनले जनाएको छ।

कम्बोडियाको अर्थतन्त्र सन् २०२५ मा ४.८ प्रतिशतले बढ्ने अनुमान विश्व बैंकले गरेको थियो जुन सन् २०२४ मा छ प्रतिशत थियो। सम्पत्ति बजार मन्दीले घरेलु माग र निर्माण गतिविधिलाई कमजोर बनाएको तथा सीमा तनावले श्रमबजार र पर्यटनलाई अवरुद्ध गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ।

गत अगस्ट १ मा संयुक्त राज्य अमेरिकाले कम्बोडियाबाट आयात गरिएका सबै सामानहरूमा १९ प्रतिशत शुल्क लगाएको थियो। कम्बोडियाले संयुक्त घरेलु र बाहृय कारणहरू बीच एक चुनौतीपूर्ण अवधिमा यात्रा गरिरहेको कम्बोडियाका लागि विश्व बैंककी कन्ट्री म्यानेजर तानिया मेयरले बताएकी छन्। उनले व्यापार वातावरण सुधार गरी अनौपचारिक उद्यमहरूलाई समर्थन गर्न र रोजगारी सिर्जना गर्न अत्यावश्यक रहेको बताएकी छन्।

प्रतिवेदनका अनुसार कम्बोडियाको अन्तर्राष्ट्रिय भण्डारको अवस्था सामान्य छ भने लगभग ७.५ महिनाको आयातलाई समेटेको छ। यसैगरी सार्वजनिक ऋण घरेलु उत्पादन (जिडिपी) को लगभग २६ प्रतिशतभन्दा कम छ।

यस वर्ष मुद्रास्फीति औसत २.७ प्रतिशतमा रहेको र विदेशी प्रत्यक्ष लगानी प्रवाह २८.४ प्रतिशतले वृद्धि भएको प्रतिवेदनले जनाएको छ। *रासस/सिन्ह्वा*

# दक्षिण कोरियाको श्रमबजारमा सुधार

**सिओल–** दक्षिण कोरियामा रोजगारी लगातार बढ्दै गएको छ। विशेषज्ञहरूले यो वृद्धिलाई जनसंख्या संरचनामा परिवर्तन र काम गर्ने उमेर समूहका अवसर बढेकोसँग जोडेर व्याख्या गरेका छन्। यसले आर्थिक स्थिरता र समाजमा वृद्ध व्यक्तिहरूको सक्रिय सहभागितालाई देखाउँछ।

१५ वर्षभन्दा माथिका कूल रोजगारी वर्षैपिच्छे ०.८ प्रतिशतले बढेर दुई करोड ९० लाख ४६ हजार पुगेको छ, जसअन्तर्गत ६० वर्षभन्दा माथिका व्यक्तिहरूका रोजगारी मात्र तीन लाख ३३ हजारले बढेका छन्, तर १५-२९ वर्ष उमेर समूहमा एक लाख ७७ हजार र ४० को दशकमा नौ हजारले रोजगारी घटेको छ।

स्वास्थ्य तथा सामाजिक सेवा, व्यवसाय व्यवस्थापन, खेलकुद तथा मनोरञ्जन क्षेत्रमा क्रमशः दुई लाख ८१ हजार, ६३ हजार र ६१ हजार रोजगारी बढेका छन्, भने निर्माण र उत्पादन क्षेत्र क्रमशः एक लाख ३१ हजार रहेका छन्।

नियमित र अनियमित कर्मचारी संख्या बढे पनि दैनिक मजदुर र एक्लै व्यवसाय गर्ने स्वरोजगार घटेका छन्। रोजगार दर १५ वर्षमाथिका जनसंख्यामा ०.२ प्रतिशतले बढेर ६३.४ प्रतिशत पुगेको छ, जबकि ओइसिडी विधिअनुसार १५-६४ वर्ष समूहको दर ७०.२ प्रतिशतमा उक्लिएको छ। *रासस/सिन्ह्वा*

# अफगानिस्थानद्वारा शरणार्थीलाई सहयोग गर्ने सहायता संस्थाहरूसँगको सम्झौतामा हस्ताक्षर



**काबुल–** अफगानिस्तानको शरणार्थी तथा स्वदेश फिर्ती मन्त्रालयका अधिकारीहरूले शरणार्थी र आन्तरिकरूपमा विस्थापित परिवारहरूलाई सहयोग गर्न नर्वेजियन अन्तर्राष्ट्रिय सहायता संगठनसँगको सम्झौता (एमओयू) मा हस्ताक्षर गरेको छ।

सम्झौताअन्तर्गत उत्तरी प्रान्त फरयाबमा दुई हजार २३१ व्यक्तिलाई सहयोग गर्न तीन लाख १० हजार अमेरिकी डलरभन्दा बढी छुटचाइने मन्त्रालयको विज्ञप्तिमा उल्लेख गरिएको छ। सहयोगबाट कोषले स्वास्थ्य सेवाहरू लगायतका अन्य अत्यावश्यक सामाजिक समर्थन प्रदान गर्नमा ध्यान केन्द्रित गर्ने जनाइएको छ।

यसैगरी अफगानिस्तान राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणले बुधबार घरेलु सहायता एजेन्सीसँग छुट्टै चार लाख ६२ हजार डलरको सम्झौता गरेको छ। जसको उद्देश्य पूर्वी प्रान्त पक्तिकाका बासिन्दाहरूमा विपद् जोखिम व्यवस्थापनका बारेमा चेतना जगाउनु तथा उनीहरूको उचित व्यवस्थापन गर्नु हो। *रासस/सिन्ह्वा*

# थाइल्याण्ड-कम्बोडिया सीमामा भएको झडपमा नौ जना थाई सैनिकको मृत्यु

**बैंकक–** कम्बोडियासँग चलिरहेको सीमा झडपमा नौ थाई सैनिकको मृत्यु हुनुका साथै १२० भन्दा बढी घाइते भएको थाई रक्षा मन्त्रालयका प्रवक्ता सुरासान्ट कोंसिरीले बिहीबार बताएका छन्।

उनका अनुसार द्वन्द्वले लगभग दुई लाख थाई नागरिकलाई विस्थापित गरेपछि उनीहरूले हाल शरणार्थी शिविरहरूमा शरण लिएको जनाइएको छ। तीन शरणार्थीको मृत्यु भएको रिपोर्ट गरिएको जनाउँदै उनले अहिलेसम्म ८४९ वटा शरणार्थी शिविर स्थापना गरिएको पत्रकारहरूसँगको साक्षात्कारमा सुरासान्टले बताएका छन्।

यसैबीच झडपमा लगभग २०० अस्पताल तथा क्लिनिकहरू प्रभावित भएको जनाइएको छ। थाइल्याण्ड सेनाका क्षेत्रीय कमाण्डले बिहीबार सामाजिक सञ्जालको पोस्टमा कम्बोडियन सेनाले थाइल्याण्डको उबोन रत्चथानी र सिसाकेट प्रान्तका धेरै स्थानहरूमा गोलीबारी गर्दै झडप अझै जारी रहेको बताएका छन्। *रासस/सिन्ह्वा*

# विश्वव्यापी व्यापारमा वृद्धि, पूर्वी एसियाको योगदान उच्च

**जेनेभा–** संयुक्त राष्ट्र व्यापार र विकास निकायले विश्वव्यापी व्यापार सन् २०२५ मा पहिलोपटक ३५ खर्ब अमेरिकी डलरभन्दा बढी पुग्ने अपेक्षा गरिएको जनाएको छ। विश्वव्यापी व्यापारमा भौगोलिक र राजनीतिक तनाव, लागत वृद्धि र असमान मागका बावजुद पनि व्यापार निरन्तर बढ्दै गएको प्रतिवेदनले देखाएको छ। प्रतिवेदनअनुसार यस वर्ष विश्वव्यापी व्यापार वर्षैपिच्छे करिब सात प्रतिशतले वृद्धि हुने अनुमान छ। मूल्यवृद्धिले नभई व्यापारको मात्रा वृद्धि मुख्य कारण रहेको देखिन्छ, जसले विश्वव्यापी माग स्थिर रहेको संकेत गर्दछ।

पूर्वी एसियामा निर्यात वृद्धि सबैभन्दा धेरै देखिएको छ, जहाँ व्यापार नौ प्रतिशतले बढेको छ र क्षेत्रीयभित्रको व्यापार १० प्रतिशतले बढेको छ। अफ्रिका र दक्षिण व्यापारमा पनि बलियो वृद्धि देखिएको छ, जसले उदाउँदो अर्थतन्त्रहरूको विश्वव्यापी व्यापारमा भूमिका बढ्दै गएको देखाउँछ। प्रतिवेदनले मित्रराष्ट्रहरूसँग र नजिकका भौगोलिक साझेदारसँगको व्यापार बढाउने प्रवृत्ति बढिरहेको उल्लेख गरेको छ, जसले विश्वव्यापी व्यापारको ढाँचा फेरबदल गर्दै छ। *रासस/सिन्ह्वा*


**Phalgunanda Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phaktep, Panchthar**
**Koshi Province, Nepal**

**Invitation for sealed Quotation**

Date of publication: 2082-08-26

1. The Phalgunanda Rural Municipality office invites only electronic bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Estimated amount (Nrs.) including VAT and Excluding contingency | Bid security Amount (Nrs.) | Bid document fee.(Nrs.) | Bank Detailed |
|---|---|---|---|---|---|
| PRMW/ SQ/01/ 2082/83 | Construction of 6 No ward office works. | 10,86,402.28 | 28,000.00 | 1000.00 | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) |

2. Interested bidders should be submit online bids electronically only through PPMO e-GP Portal www.bolpatra.gov.np on or before the submission deadline started in respective bid document.

**Chief Administrative officer**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २५३१०० | प्रति तोला – ० | प्रति तोला – ३८०५ |



**थारू परिकार** | धनगढीमा सञ्चालित सुदूरपश्चिम महोत्सवको व्यापारिक कक्षमा राखिएको थारु समुदायको परम्परागत खानाको परिकार ।
*तस्बिर: रासस*

## नेपाल र भियतनामबीच आर्थिक सहकार्य बढाउन द्विपक्षीय छलफल

■ प्रभाव संवाददाता




**हनोइ (भियतनाम)–** थाइल्याण्ड र भियतनामका लागि नेपाली राजदूत धनबहादुर ओलीले भियतनामी लगानीकर्तालाई नेपालमा लगानीको सम्भावना रहेको उल्लेख गर्दै नेपालमा लगानी बढाउनका लागि आग्रह गरेका छन् ।

बिहीबार भियतनामको राजधानी हनोइमा नेपाल उद्योग वाणिज्य महासंघ र भियतनामी चेम्बर अफ कमर्श इण्डस्ट्रीसँगको छलफलका क्रममा उनले नेपाल र भियतनामबीचको कूटनीतिक सम्बन्ध स्थापना भएको ५०औं वर्ष पुगेको उल्लेख गर्दै दुवै देशले व्यापार र लगानी क्षेत्रमा सहकार्य गर्नुपर्नेमा जोड दिए ।

'पछिल्लो समय विश्वको अर्थतन्त्रमा नयाँ चुनौती देखिएको छ, यस्तो अवस्थामा दुवै देशले एकापसमा आर्थिक सहकार्य बढाउँदै लाभ लिनेतर्फ ध्यान दिनु जरुरी छ,' उनले भने, 'नेपालमा निर्यातजन्य उद्योगमा लगानीका लागि म भियतनामी लगानीकर्तालाई आग्रह गर्दछु ।' उनले दुवै देशबीच पर्यटनको क्षेत्रमा सम्भावना रहेकोसमेत उल्लेख गरे ।

नेपाल र भियतनाम सरकारबीचको आर्थिक सहकार्यमार्फत क्षेत्रीय तथा अन्तर र्राष्ट्रियस्तरमा व्यापार गर्न सकिने पनि उनको भनाइ थियो । उनले नेपालमा उत्पादनमूलक उद्योग, आइसिटी, फार्मास्युटिकल्स तथा जडीबुटीलगायतका क्षेत्रमा लगानीको सम्भावना रहेको बताए । नेपाल सरकार भियतनामी लगानीकर्ताका लागि स्वागत गर्न तयार रहेको उल्लेख गर्दै उनले दुवै देशबीचको व्यापार तथा लगानीका लागि नेपाल सरकारले सहजीकरण गर्ने प्रतिबद्धता जनाए ।

महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले भियतनामका लगानीकर्तासमक्ष नेपाल र भियतनामबीच थप आर्थिक सहकार्यलाई अगाडि बढाउनका लागि आग्रह गरे । दुई देशबीच कूटनीतिक सम्बन्ध ५० वर्ष पुगेको उल्लेख गर्दै उनले अब दुई देशबीचको आर्थिक सहकार्यलाई थप बलियो बनाउनुपर्नेमा जोड दिए । 'दुई देशबीच आर्थिक सहकार्यका लागि म भियतनामी लगानीकर्तालाई आग्रह गर्दछु, नेपालमा लगानीको ठूलो सम्भावना छ, यस अवसरलाई सदुपयोग गर्नका लागि हाम्रो प्रयास रहने छ,' उनले भने ।

नेपालमा हस्तकला, चिया, कफी, जडीबुटीजस्ता उत्पादनको भियतनाममा राम्रो बजार सम्भावना रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले त्यसतर्फ पनि लगानी बढाउन सकिने उल्लेख गरे । उनले दुई देशको अर्थतन्त्र एकापसमा पूरक बन्न सक्ने सम्भावना रहेको पनि बताए ।

नेपालमा भियतनामको कृषि उत्पादन, सी फूड, इलेक्ट्रोनिक्सलगायतका उत्पादनको ठूलो बजार रहेको उनको भनाइ थियो । 'नेपालमा प्रत्यक्ष विदेशी लगानीको वातावरण बन्दै गएको छ, कानुन पनि लगानीमैत्री छन्, लाइसेन्स, भन्सार र कर प्रशासनलगायतका क्षेत्रमा सुधार भएको छ, सरकार पनि विदेशी लगानीको सुरक्षामा पनि सरकार सचेत छ,' उनले भने ।

नेपालमा पर्यटन क्षेत्रमा विशेषगरी केबलकार, रिसोर्ट, साहसिक पर्यटन, वेलनेस सेन्टरमा क्षेत्रीय लगानी बढिरहेको उल्लेख गर्दै उनले भियतनामी लगानीकर्तालाई आफूहरू स्वागत गर्न चाहेको बताए । अध्यक्ष ढकालले भियतनामी टोलीलाई महासंघको आगामी वार्षिक साधारणसभामा सहभागी हुन र नेपालको व्यावसायिक वातावरण प्रत्यक्ष अवलोकन गर्नका लागि पनि निम्तो दिए ।

भियतनामी चेम्बर अफ कमर्श इण्डस्ट्रीका उपकार्यकारी अध्यक्ष न्गुयेन क्याङ भिनले आफूहरू पनि नेपालसँग थप आर्थिक साझेदारीका लागि इच्छुक रहेको बताए । नेपाल उद्योग वाणिज्य महासंघलाई भियतनाममा स्वागत गर्न पाउँदा खुसी लागेको उल्लेख गर्दै उनले दुई देशबीच लगानी र व्यापारका क्षेत्रमा सम्भावना रहेको उल्लेख गर्दै आर्थिक साझेदारीलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिए । उनले भने, 'दुई देशबीच व्यापार र लगानीका क्षेत्रमा ठूलो सहकार्य छैन, यद्यपि यस क्षेत्रमा सहकार्यका लागि ठूलो सम्भावना छ, आगामी दिनमा पनि हाम्रो सहकार्य जारी रहने छ ।'

## एनआरएन नेपाल डेभलपमेन्ट फन्ड सञ्चालनका लागि सरकार सकारात्मक

■ प्रभाव संवाददाता



**काठमाडौं–** गैरआवासीय नेपाली संघ (एनआरएनए) को उच्चस्तरीय प्रतिनिधि मण्डलले अर्थमन्त्री रामेश्वर खनालसँग भेटवार्ता गरी एनआरएन नेपाल डेभलपमेन्ट फण्ड सञ्चालनका क्रममा देखिएका विभिन्न चुनौतीबारे छलफल गरेको छ ।

प्रतिनिधिमण्डलले फण्ड सञ्चालनका लागि आवश्यक नीतिगत व्यवस्था, अनुमति तथा विद्यमान नियमावलीका परिमार्जनबारे आफ्नो धारणा पेस गरेको थियो । अर्थमन्त्री खनालले प्रतिनिधिमण्डलले उठाएका सबै विषयहरू समाधानतर्फ सकारात्मक तथा व्यावहारिक कदम चालिने आश्वासन दिए ।

बैठकमा मन्त्री खनालले धितोपत्र बोर्डमा रहेका सम्बन्धित नियमावलीहरू छिटो परिमार्जन गरी फण्ड सञ्चालनमा रहेका अवरोध हटाइने प्रतिबद्धता व्यक्त गरे ।

उक्त अवसरमा एनआरएनएका अध्यक्ष महेशकुमार श्रेष्ठले विश्वभर रहेका नेपालीहरू नेपालमा लगानी गर्न अत्यन्त उत्सुक रहेको बताउँदै आइपिओमा ८५ प्रतिशत सहभागिता सुनिश्चित गर्न अनुरोध गरे । उनले आगामी दिनमा प्रवासी समुदायले नेपाल डेभलपमेन्ट फण्डमार्फत देशको आर्थिक र विकास योजनामा अझ प्रभावकारीरूपमा सहयोग गर्ने बताउँदै सरकारले गर्ने विकास प्रयासहरूमा साथ दिने प्रतिबद्धता जनाए । संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले फण्ड सञ्चालनका लागि आवश्यक नियमावली तत्काल परिमार्जन गर्न आग्रह गरे । पूर्वअध्यक्ष कुमार पन्तले लम्बिँदै आएको प्रक्रिया सहज बनाउन नीतिगत 'ब्रेकथ्रु' गर्न सरकारसँग माग गरे ।

बैठकमा अध्यक्ष श्रेष्ठ, संस्थापक अध्यक्ष डा. महतो, पूर्वअध्यक्ष पन्त, राष्ट्रिय समन्वय परिषद् इराकका अध्यक्ष विनोद श्रेष्ठ, राष्ट्रिय समन्वय परिषद् क्यानाडाका धुर्व भट्टराई, एनआरएन नेपाल डेभलपमेन्ट फण्डका अनलराज भट्टराई, संघका कार्यकारी अधिकृत राजेन्द्रकुमार राउतलगायतको उपस्थिति थियो । नेपाल सरकारको समन्वय तथा सहकार्य र गैरआवासीय नेपाली संघको अग्रसरतामा नेपालमा पूर्वाधार क्षेत्रमा लगानी गर्ने गरी १० अर्ब रूपैयाँको कोष स्थापना गरी सञ्चालनमा ल्याउन लागिएको हो । एनआरएन नेपाल डेभलपमेन्ट फण्ड लिमिटेडमा नेपाल सरकारको पाँच प्रतिशत र गैरआवासीय नेपालीको ९५ प्रतिशत लगानी हुने छ ।

## कर्णालीको विकासका लागि पाँचबुँदे प्रतिबद्धता

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारसहित सरोकार भएकाहरूले प्रदेशको विकासका लागि पाँचबुँदे प्रतिबद्धता गरेका छन् । कर्णाली प्रदेश योजना आयोगद्वारा बुधबार सुर्खेतको वीरेन्द्रनगरमा आयोजित 'कर्णाली विकासमा सरोकारवालाहरूको भूमिका' विषयक कार्यक्रममा पाँचबुँदे प्रतिबद्धता जनाइएको हो ।

प्रदेश योजना आयोगका उपाध्यक्ष सूर्यनाथ योगीले आयोगले बनाएको दोस्रो पञ्चवर्षीय योजनाले तोकेको लक्ष्यभन्दा माथि पुग्ने तयारीका साथ सरकार अगाडि बढेको र यसमा सबैको सहयोग आवश्यक रहेको बताए । उनका अनुसार विकास आयोजनामा हुने दोहोरोपन हटाउन विकास साझेदारबाट सम्पादन गरिने कार्यक्रमको विवरण सम्बन्धित मन्त्रालयमा प्रदेश सरकारको बजेट तर्जुमा गर्नुपूर्व नै जानकारी गराउने, विकास आयोजनामा सुशासन, इमान्दारिता, जवाफदेही र वातावरणमैत्री अभ्यासलाई उच्च प्राथमिकता दिने, प्राकृतिक स्रोत साधनको दिगो उपयोग, सामाजिक उत्तरदायित्व तथा समुदायको हितमा केन्द्रित गर्दै सहकार्यमूलक ढंगले कार्य गर्ने प्रतिबद्धता गरिएको छ ।

यसका लागि कर्णाली प्रदेश सरकार र विकास साझेदारबीच समन्वयका लागि प्रादेशिक ढाँचा निर्माण गर्ने, बहुआयमिक आर्थिक विकासका लागि प्राविधिक प्राविधिक सीप, तालिम, उद्यमशीलता प्रवर्द्धन तथा स्थानीय युवालाई रोजगारीमा प्राथमिकता दिने र कर्णालीका युवालाई प्रदेशभित्र टिकाउन, रोजगारी र व्यवसायका अवसर विस्तार गर्न संयुक्त प्रयास गर्ने प्रतिबद्धता गरिएको उपाध्यक्ष योगीले बताए ।

## मुस्ताङमा स्याउ बगैँचा व्यवस्थापन गर्न सुरु

■ सुन्दरकुमार थकाली



**मुस्ताङ–** यहाँका घरपझोङ, थासाङ र बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका किसान यतिबेला स्याउ बगैँचा व्यवस्थापनमा जुटेका छन् । गुणस्तरीय स्याउ उत्पादन गरी उत्पादकत्व बढाउने उद्देश्यले स्याउको बगैँचा व्यवस्थापन अनिवार्य भएपछि किसानको सक्रियता बढेको हो ।

जिल्लामा विगतका वर्षभन्दा यस वर्ष स्याउ बगैँचा व्यवस्थापन चाँडो सुरु गरिएको हो । भदौदेखि कात्तिकसम्म स्याउको 'पोस्टहार्भेस्ट' (बाली उत्पादन वा कटानीदेखि उपभोक्ताले उपभोग नगरेसम्म गरिने व्यवस्थापनका सम्पूर्ण क्रियाकलाप) सकिएसँगै स्याउका बोटमा पात झरेर उजाड बनिसकेका छन् । यस वर्ष जमिनको तापक्रम नघटेकाले स्याउका पात छिटो सुकेका किसान बताउँछन् ।

समान्यतया यहाँ स्याउ बगैँचा व्यवस्थापन पुस र माघमा गर्ने गरिए पनि यस वर्ष पातहरू झरिसकेकाले बगैँचा व्यवस्थापनमा किसानको सक्रियता बढेको घरपझोङका किसान दिवश थापाले बताए । हिउँदयामको जाडो मौसममा यहाँका किसानले आफ्नो समयअनुकूल बगैँचाको व्यवस्थापन गर्ने उनले जानकारी दिए ।

'बगैँचा व्यवस्थापनको पहिलो प्राथमिकतामा स्याउका बोटको उपयुक्त काँटछाँट गर्नुहुन्छ । प्रत्येक बोटका हाँगाबिगामा सूर्यको प्रकाश समानरूपमा पर्नुपर्ने र चारैतिरबाट हावा खेल्नुपर्ने हुन्छ । यसो भएमा सूर्यको प्रकाश र हावाको माध्यमबाट बिरुवालाई चाहिने आवश्यक तत्व प्राप्त हुन्छ । बोटमा पलाएका अनावश्यक हाँगाबिगा र पातले स्याउको गुणस्तर र उत्पादनमा ह्रास पुर्‍याउन सक्ने भएकाले उपयुक्त काँटछाँट गर्नु जरुरी हुन्छ,' किसान थापाले भने । जलवायु परिवर्तनका कारण तापक्रम नघट्दा स्याउको हार्भेस्टपछि छिटोछिटो पात झरेर बगैँचाका बोटहरू पतझडजस्तै बनेका उनको भनाइ छ ।

हिउँदयामा किसानलाई बगैँचा व्यवस्थापन गर्न भ्याइनभ्याइ हुने गर्दछ । बोट काँटछाँट गर्नु, मलजल तथा सिँचाइको व्यवस्था गर्नु, रोगकिराको संक्रमणबाट जोगाउन 'बोरोपेस्ट' र बोरोमिक्चर' छर्किनुलगायत काम गर्नुपर्ने किसान थापाले जानकारी दिए । बगैँचाको उचित व्यवस्थापन नगरे अपेक्षा गरेअनुरूपमा गुणस्तरीय उत्पादन नदिने उनको भनाइ छ । स्याउखेतीका लागि हिउँदयामको हिउँ अति आवश्यक मानिने किसान थापाले औंल्याए । बगैँचा व्यवस्थापन गर्ने समयमा परेको हिउँले जमिनको उर्वराशक्तिलाई मजबुत बनाउने, जमिनको भित्री तहसम्म सिँचाइ पुग्ने र रोगकिराको संक्रमणलाई न्यूनीकरण गर्न मद्दत पुर्‍याउने थापाले जानकारी दिए । पछिल्लो समय अनुकूल मौसममा हिउँ नपर्दा प्राकृतिक सिँचाइको विकल्प खोज्नुपरेको उनको भनाइ छ ।

मुस्ताङको तल्लो क्षेत्रका तीन पालिकाका किसानले स्याउ बगैँचा व्यवस्थापन गर्न सुरु गरे पनि माथिल्लो क्षेत्रमा आगामी पुस १५ गतेदेखि माघ मसान्तसम्म व्यवस्थापन गरिने जिल्लास्थित कृषि तथा पशु विकास कार्यालयका प्रमुख राजेश गुरुङले जानकारी दिए । माथिल्लो मुस्ताङको उच्च उचाइमा तापक्रम घटेकाले बोटबकाट पात पूर्णरूपमा झर्न समय लाग्ने भएकाले ती क्षेत्रमा बगैँचा व्यवस्थापन ढिलो सुरु हुने उनले बताए ।

स्याउको हार्भेस्ट भइसकेर बोटहरूबाट पात झरिसकेकाले यो बेला बगैँचा व्यवस्थापन प्रमुख भएको गुरुङले उल्लेख गरे । बोटमा पलाएका अनावश्यक हाँगाहरू काँटछाँट गर्ने, रोगकिरा नियन्त्रणका लागि सूक्ष्म खाद्यतत्व तथा बोरोपेस्ट र बोरोमिक्चर उपयुक्त विधि अपनाएर छर्किनुपर्ने उनको भनाइ छ । 'यसरी बोटहरूबाट झरेका पातलाई एकीकृत गरी मलको रूपमा प्रयोग गर्न सकिन्छ । स्याउको गुणस्तर र उत्पादन वृद्धि गराउन बगैँचा व्यवस्थापनभित्र पर्ने सबै मापदण्ड पूरा गर्नुपर्ने हुन्छ,' कार्यालय प्रमुख गुरुङले भने ।

कार्यालयले स्याउ बगैँचा व्यवस्थापनका लागि स्थानीय तहका कृषि प्राविधिक, सरोकार भएका निकायका कृषि प्राविधिकलगायतलाई लक्षित गरी तीनदिने स्याउ बगैँचा व्यवस्थापनसम्बन्धी सैद्धान्तिक तथा व्यावहारिक तालिम सञ्चालन गरेको कार्यालय प्रमुख गुरुङले जानकारी दिए ।

उनका अनुसार हिउँदयामको समयमा स्याउका बोटहरू सुषुप्त अवस्था अर्थात् निदाएको अवस्थामा हुने भएकाले यो बेलामा गरिएको व्यवस्थापनले उपयुक्त प्रतिफल दिने छ । *रासस*

## नेप्से परिसूचकमा सामान्य गिरावट




**काठमाडौं (प्रस)–** साताको अन्तिम कारोबार दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । यस दिन नेप्से परिसूचक १.६६ प्रतिशतले घटेर दुई हजार ६०७.३७ को बिन्दुमा कायम भएको हो ।

बिहीबार ३२६ कम्पनीको ७७ लाख ६८ हजार ६०१ कित्ता सेयर ६९ हजार ७२९ पटक खरिदबिक्री हुँदा तीन अर्ब ४९ करोड ७९ लाख ७९ हजार रूपैयाँको कारोबार भएको नेप्सेले जनाएको छ । बिहीबारको कारोबारमा ९८ कम्पनीको सेयर मूल्य बढेको छ । साथै, १४९ को मूल्य घट्दा ११ कम्पनी स्थिर छन् ।

बिहीबार बैंकिङ ०.१५, जीवन बिमा ०.१८, उत्पादन तथा प्रशोधन ०.९२, माइक्रोफाइनान्स ०.०९, तथा व्यापार समूह ०.०७ प्रतिशतले बढेका छन् । विकास बैंक ०.१९, फाइनान्स ०.६५, होटल तथा पर्यटन ०.५४, हाइड्रोपावर ०.३६, लगानी ०.२९, निर्जीवन बिमा ०.१६ र अन्य समूह ०.६३ प्रतिशतले घटेका छन् ।

बिहीबर स्वस्तिक लघुवित्त वित्तीय संस्थान लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने मुक्तिनाथ कृषि कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा बढी ८.४२ प्रतिशत घटेको छ । कारोबारका आधारमा यस दिन सबैभन्दा बढी डादी ग्रुप पावर लिमिटेडको सेयर किनबेच भएको छ ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ